म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १२४ आइतबार, ३० मंसिर २०८१ ने. सं. ११४५ कछलागा 15 December 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
## राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## एमाले नगरअध्यक्षमा ४ जना आकांक्षी

हेटौंडा, २९ मंसिर/नेकपा एमाले हेटौंडा उपमहानगर अधिवेशनमा सहमति हुन नसकेपछि चारजनाले अध्यक्षमा उम्मेद्वारी दिएका छन् । दोश्रो अधिवेशनमा सहमति हुन नसकेपछि चारजना अध्यक्षसहित सम्पूर्ण पदाधिकारीमा उम्मेद्वारी परेको हो ।

एकजना अध्यक्षको लागि ईन्द्र नेपाल, जनरल श्रेष्ठ 'जेन', बोलबहादुर कार्की र नवराज खतिवडाको उम्मेद्वारी परेको हो । उपाध्यक्षमा इन्द्रप्रसाद खतिवडा, धनवहादुर मुक्तान र राजकुमार बास्तोलाको उम्मेद्वारी परेको छ । सचिवमा प्रकाश बाँनिया, सविन मुक्तान र शान्ता गौतम 'प्रदीप'को उम्मेद्वारी परेको छ । उपसचिव खुल्लातर्फ अर्जुनप्रसाद अर्याल, कबि रेग्मी, भीम तिमल्सिना, सुरेश मिजार 'बेरोजगार', शान्तकुमार लामातामाङ र शिवबहादुर थापाको उम्मेद्वारी पर्दा उपसचिव महिलामा चन्द्रावती पनेरु अधिकारी, जुना दंगाल र रञ्जिता सिलवालको उम्मेद्वारी परेको छ । उम्मेद्वारी फिर्ताको समय आइतबार दिउँसो ३ बजेसम्म राखिएको छ । केही सदस्य पदमा भने सर्वसम्मत भइसकेको जनाइएको छ ।

# पत्रकार महासंघका निर्वाचित पदाधिकारीको पदभार ग्रहण

साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ नेपाल पत्रकार महासंघ मकवानपुरको नवनिर्वाचित पदाधिकारीले शनिबार पदभार ग्रहण गरेका छन् । महासंघको कार्यालयमा आयोजना गरिएको कार्यक्रममा निर्वाचन संयोजक एवम् पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष भानुभक्त आचार्यले नवनिर्वाचित पदाधिकारीलाई प्रमाणपत्र प्रदान गरेका थिए ।



निर्वाचन समितिका सदस्य नेपाल बार एसोसियसन मकवानपुरकी अध्यक्ष अधिवक्ता अप्सरा बस्नेत, पत्रकार सरिता दाहाल, पत्रकार महासंघ बागमती प्रदेशका संस्थापक अध्यक्ष तथा प्रदेश निर्वाचन संयोजक प्रताप बिष्ट, पत्रकार महासंघ मकवानपुरका निवर्तमान अध्यक्ष मणिराज गौतम, पूर्वअध्यक्ष राममणि दाहाल, हरि हुमागाईलगायतको सहभागिता रहेको थियो । नवनिर्वाचित अध्यक्ष बालकृष्ण अधिकारीले पछिल्लो समय पत्रकारितामा देखिएका चुनौती सामना गर्न सबै संचारकर्मी एकजुट हुनु जरुरी रहेको बताए ।

नवनिर्वाचित अध्यक्ष अधिकारीलाई निवर्तमान अध्यक्ष गौतमले पद हस्तान्तरण गरेका थिए । त्यस्तै निवर्तमान सचिव शुभलक्ष्मी बिकले नवनिर्वाचित सचिव समर्पणलाई माइन्युट हस्तान्तरण गरेका थिए । निवर्तमान अध्यक्ष गौतमले आफ्नो कार्यकालमा उल्लेखनीय सहयोग गरेका पदाधिकारी उपाध्यक्ष ध्रुब अधिकारी र कोषाध्यक्ष समर्पणलाई धन्यवाद सहित कदरपत्र प्रदान गरेका थिए । आफ्नो नेतृत्वलाई सफल बनाउनका लागि अहोरात्र खटिएको भन्दै गौतमले प्रशंसा गरेका थिए । त्यसैगरी निर्वाचन समिति संयोजक आचार्य, सदस्य बस्नेत र दाहाललाई निवर्तमान अध्यक्ष गौतमले कदर पत्र प्रदान गरेका थिए ।

शुक्रबार सम्पन्न निर्वाचनको मतपरिणामअनुसार अधिवक्तासमेत अधिकारीले ४५ मत ल्याएर जित हासिल गरेका थिए । अधिकारीले प्रेस सेन्टर-प्रेस समाजवादीको साझा प्यानलबाट उम्मेद्वार बनेकी अञ्जली थापालाई ९ मतले पराजित गरेका थिए । ११७ साधारण सदस्यमध्ये १०७ मत खसेकोमा अञ्जलीले ३६ मत ल्याएकी थिइन् । अध्यक्षमा पोष्टराज अधिकारी कुमार र सुरेश श्रेष्ठले पनि उमेद्वारी दिएका थिए । पत्रकार महासंघको बिधान अनुसार अध्यक्षको निकटतम प्रतिद्वन्द्वी कार्यसमितिको सल्लाहकार रहने ब्यवस्था छ । पद हस्तान्तरण निकटतम प्रतिद्वन्द्वी थापा पनि सहभागी भई नवनिर्वाचित अध्यक्ष अधिकारीलाई बधाई शुभकामना दिएकी थिइन् ।

नेपाल पत्रकार महासंघ मकवानपुरको १८ सदस्यीय समिति चयनका लागि शुक्रबार निर्वाचन भएको हो । उपाध्यक्ष ध्रुव अधिकारी, भावना रिजाल, सचिव केशव सुवेदी समर्पण, कोषाध्यक्ष प्रदीप अधिकार, सहसचिव शिव चौलागाईं वियोगी, सन्नु रिजाललाई निर्वाचन संयोजक आचार्यले प्रमाणपत्र प्रदान गरेका थिए । सदस्य, सञ्जीव सुनार, स्मिता अर्जेल, सानुमाया गुरुङ (निशा), सरोज पौडेल, रविन ढुंगाना, श्रीराम अर्जुन दाहाल, श्यामलाल दुलाल (गणेश), सुमन दाहाल, अनिल पराजुली र कृष्णा विष्ट (सुनिता) लाई प्रमाणपत्र प्रदान गरिएको हो ।

नेपाल पत्रकार महासंघ बागमती प्रदेश अध्यक्षमा कृष्ण सारुमगर विजयी भएका छून् । प्रेस युनियन र प्रेस चौतारी एलाइन्सका उम्मेदवार तथा निवर्तमान अध्यक्ष शिव देवकोटालाई पराजित गर्दै उनकै कार्यकालका महासचिवसमेत रहेका प्रेस सेन्टरका सारु विजयी भएका हुन् ।

सारुले ४७२ मत ल्याउँदा देवकोटाले ३६३ मत मात्र ल्याए । महासंघको बागमती प्रदेशको उपत्यका बाहेकका १० जिल्लामा ९५१ पत्रकार मतदाता सूचिमा रहेका थिए । उपाध्यक्षमा प्रेस चौतारीका हरि हुमागाई विजयी बने । महासचिवमा पनि चौतारीकै राधेश्याम खतिवडा विजयी बन्दा महिला उपाध्यक्षमा पनि चौतारीकी विमला पाण्डे विजयी बनिन् । सचिव र समावेशी सचिवमा प्रेस युनियनका काजी श्रेष्ठ र श्यामप्रसाद खतिवडा विजयी भए । कोषाध्यक्षमा शंकर अधिकारी विजयी भए । अध्यक्ष बाहेकका सबै पदाधिकारी तथा सदस्यमा चौतारी-युनियनको प्यानलले जितेको हो ।

# बागमतीमा आगामी आवको योजना तर्जुमा प्रक्रिया सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि योजना तर्जुमा प्रक्रिया सुरु गरेको छ । प्रदेश नीति तथा योजना आयोग बागमती प्रदेशले पालिकास्तरबाटै योजना तर्जुमा प्रक्रिया सुरु गरेको हो ।



आयोगले स्थानीय तहको प्राथमिकताका योजना आगामी आवको योजनामा समेट्ने गरी तयारी थालेको हो । आयोगले पालिकास्तर बाटै योजना छनोटका क्रममा प्रदेशका चार स्थानमा आव २०८२/८३ को जिल्लास्तरीय योजना तर्जुमा गोष्ठी सम्पन्न गरिसकेको छ । आयोगका अनुसार, गोष्ठीमा प्रदेशसभा सदस्य, जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख, प्रमुख जिल्ला अधिकारी, नगरपालिका प्रमुख र उपप्रमुख एवम् गाउँपालिका अध्यक्ष र उपाध्यक्ष, विभिन्न विषयगत कार्यालयका प्रमुख लगायतको उपस्थिति रहेको थियो ।

गोष्ठीमा जिल्ला समन्वय समिति र स्थानीय तहका प्रतिनिधिले प्रदेश सरकारको आगामी आवको नीति तथा कार्यक्रम र बजेटले सम्बोधन गर्नुपर्ने विषय प्रस्तुत गरेका थिए । स्थानीय तह र प्रदेश सरकारका आम्दानीको स्रोतको दायरा बढाउने र नागरिकलाई उत्पादनसँग जोड्ने गरी आगामी आवको नीति तथा कार्यक्रम र बजेट ल्याउन जोड दिएका जनाइएको छ ।


## हार्दिक बधाई तथा शुभकामना


ध्रूव अधिकारी (उपाध्यक्ष)


बालकृष्ण अधिकारी
(अध्यक्ष)


भावना रिजाल (उपाध्यक्ष)


केशव सुवेदी समर्पण (सचिव)


प्रदीप अधिकारी (कोषाध्यक्ष)


शिव चौलागाई वियोगी (सहसचिव)


सन्नु रिजाल (सहसचिव)


सञ्जिव सुनार (सदस्य)



स्मिता अर्जेल (सदस्य)


सानुमाया गुरुङ (निशा) (सदस्य)


सरोज पौडेल (सदस्य)


श्रीराम दाहाल (सदस्य)


श्यामलाल दुलाल (गणेश) (सदस्य)


सुमन दाहाल (सदस्य)


अनिल पराजुली (सदस्य)


कृष्णा विष्ट (सुनिता) (सदस्य)


मनिल महतो (सदस्य)


रविन ढुंगाना (सदस्य)

नेपाल पत्रकार महासंघ मकवानपुरको शुक्रबार सम्पन्न अधिवेशनबाट निर्वाचित तपाईं सम्पूर्णमा हार्दिक बधाई एवम् कार्यकाल पूर्ण सफलताको शुभकामना

अनिल पाण्डे (संस्थापक)
रमिता पाण्डे (अध्यक्ष)
श्रीबहादुर कार्की (प्रिन्सिपल)

हेटौंडा सिटी कलेज
जेनिथ सेकेन्डरी स्कुल, हेटौंडा परिवार


# 'युवककालमा क्रियाशील ब्यक्तिलाई बुढ्यौलीको भान हुँदैन'

साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले जेसीजलाई युवालक्षित उत्कृष्ट कार्यक्रम पहिचान गरी अगाडि बढ्ने शुभकामना दिएका छन् ।

युवालाई उद्यमशीलता मार्फत् स्वरोजगार र रोजगारी सृजनाको बाटोमा युवा डोऱ्याउने जेसीजको आर्थिक क्रियाशीलताको योगदान उत्कृष्ट रहेको उनले बताए । मकवानपुरमा हेटौंडा जेसीजको आयोजनामा भएको पब्लिक स्पिकिङ समापन कार्यक्रमकामा उनले यस्तो शुभकामना दिएका हुन् । संस्कृति जगेर्ना र सामाजिककार्यको धरातलमा स्थापित जेसीजले नेतृत्व, ब्यक्तित्व र उद्यमशीलता विकासमा अहम् भूमिका खेलेको छ । देशको भविष्य थाम्ने युवापिढि कुहिराको कागजस्तै गन्तब्यहीन दिशामा गुज्रेको हो कि ? भन्ने अवस्था आएको भन्दै यस्तो पिरलोबाट बचाउन जेसीजले नेतृत्व तथा व्यक्तित्व विकासको लागि योगदान गर्दै आएको उनले बताए ।

युवालाई सँस्कार, शिक्षा, सहयोग, श्रमशीलता, ब्यक्तिगत विकास र सकारात्मकताको उर्जा थप्ने युवा लक्षित जेसीजका कार्यक्रम प्रशंसायोग्य रहेको उनले बताए । 'युवाकालमा व्यक्ति क्रियाशील छ भने उसमा बुढ्यौलीको भान कहिल्यै हुँदैन, मान्छे उमेरभन्दा सोच र क्रियाहिनताले बुढो देखिन्छ' प्रदेशप्रमुख देवकोटाले भने । मान्छे क्षमता नभएर होइन क्षमता नचिनेर पछि परेको उनको भनाइ थियो । जेसीजले युवामा उत्साह उजागर गर्ने गरेको आफूले पाएको उनले बताए । 'भनिन्छ ९६ प्रतिशत डर वास्तविक नभएर काल्पनिक हुन्छन्, महानभन्दा महान विचार नबोल्दासम्म अर्थहीन नै रहने गर्छन्' उनले युवालाई उच्चमनोबलका साथ प्रगतिपथमा लम्किनको लागि आग्रह गरे । निरन्तर र अर्थपूर्ण अभ्यासले राम्रो बक्ता बन्न सकिने बताउँदै यसैको बलमा ब्यक्तित्व विकास हुने उनले बताए । देशभर बाट सहभागी ५८ मध्येबाट उत्कृष्ट १० जनाबाट पुरस्कृत छनोटको लागि कार्यक्रम गरिएको हेटौंडा जेसीजका अध्यक्ष बिकेशलाल श्रेष्ठले बताए ।

# एक घरमा आगलागी, तीन लाखको क्षति

साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ मकवानपुरको एक घरमा शुक्रबार अचानक आगलागी भएको छ । राक्सिराङ गाउँपालिका वडा नम्वर ६, सिलाङ्गेका दुर्गालाल प्रजाको माटो र ढुंगाले बनेको फुसको घरमा खाना पकाउने क्रममा एक्कासी आगलागी भएको मकवानपुर प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार, आगलागीबाट तीन लाख रुपैयाँ बराबरको भौतिक क्षति भएको छ । घरभित्र रहेको अन्नपात, लत्ताकपडा र भाँडावर्तन जलेर नष्ट भएको छ । आगलागीबाट मानवीय तथा पशुचौपाया क्षति भने भएको छैन । आगो स्थानीयको सहयोगमा पूर्णरुपमा नियन्त्रणमा लिइएको थियो ।


## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# सहकारी नियमनलाई प्रभावकारी बनाउ

मकवानपुर थाहा नगरपालिकाले सहकारीको अनुगमन नियमनमा कडाई गर्ने भएको छ ।पछिल्ला दिनमा सहकारीमा देखिएको अनियमिततालाई मध्यनजर गर्दै नगरक्षेत्रका सहकारी संस्थाको नियमन प्रभावकारी रुपमा गर्न लागेको नगरपालिकाले जनाएको छ । सहकारीलाई उँधोगतितर्फ धकेल्नका लागि ‘पोलिसीमेकर’ कै हात रहेको भन्दै नगरपालिकाले सहकारी संस्थाको नियमन गर्न लागेको हो । सहकारीको अर्बौं रकम हिनामिना गरेको समाचार आइरहेको समयमा थाहानगरका सहकारीको पारदर्शीताका लागि अभियान थालिने बताइएको हो । सर्वसाधारण जनताको पैसामा आँखा लगाउने काम राजधानीका ठूला सहकारीमा ब्यापक रुपमा भएका छन् । सहकारी ठगी प्रकरणमा ठूला दलका नेतादेखि ब्यवसायी पनि देखिएका छन् ।

सर्वसाधारणको गाँस काटेर जोगाएको बचत रकम हिनमिना भएको समाचारले राम्रो काम गरिरहेका सहकारीलाई पनि अप्ठ्यारोमा पारेको अवस्था छ । पालुङ बहुउद्देश्यीय सहकारी संस्थाले २५ औं वार्षिकोत्सवको अवसरमा सहकारी संस्था सवलीकरणका लागि स्थानीय सरकारको भूमिका विषयक अन्तरक्रिया तथा छलफल कार्यक्रमका प्रमुखअतिथि नगरप्रमुख बिमल बिष्टले थाहानगरभित्र रहेका सहकारीले ऐन नियम र उद्देश्य भन्दा बाहिर गएर काम गरे त्यस्ता सहकारीलाई नियमनको दायरामा ल्याई कारबाहीको प्रक्रिया अगाडि बढाइने बताएका छन् । स्थानीय सरकारका प्रतिनिधि र नगर पालिकाभित्र संचालनमा रहेको सहकारी संस्थाका प्रतिनिधिको उपस्थिति थियो । छलफलमा पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका संस्थापक अध्यक्ष बिष्णुहरि ढकाल जंगलीले सहकारी संस्था सवलीकरणको लागि स्थानीय सरकारको भूमिकाको बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए । ढकालले प्रस्तुत गरेको कार्यपत्रमा आफ्नो धारणा राख्दै सहकारीकर्मीले स्थानीय सरकारले थाहाको ग्रामीणभेगमा संचालित सहकारीलाइ हेर्ने दृष्टिकोणमा परिवर्तन हुनुपर्ने बताएका थिए । सहकारीको समस्या पहिचानको लागि बृहत छलफलको आवश्यकता रहेको औंल्याइएको थियो । रुपचन्द्र बिष्टले तत्कालीन समयमा गरेको काम पनि सहकार्यको उदाहरण रहेको सहभागीहरुले बताएका थिए । स्थानीय सरकारले नियमन साथसाथै सहकार्य गरेर अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गरेको छ ।

सहकारीलाई राज्यले हेर्ने दृष्टिकोण फरक भएकोले सहकारीमार्फत गरेको क्रियाकलापलाई विकासको मोडलको रुपमा लिनुपर्ने थियो । सहकारी ऐनलाई परिमार्जित गरेर समयसापेक्ष परिवर्तन गर्दै लैजानुपर्नेमा सहभागीको जोड थियो । सहकारी अभियानलाई श्रम र उत्पादनसँग जोडेर स्थानीय सरकारले योजना बनाउनुपर्ने माग छ । सहकारीले आफ्नो समीक्षा गर्ने कार्य न्यून रहेको छ । सहकारी संस्थाहरु सामाजिक उत्तरदायित्वबाट पन्छिएको अवस्था छ । आर्थिक अनुशासन र बित्तीय साक्षरता सदस्यमाझ पुऱ्याउन आवश्यक छ । सहकारीमा कामगर्ने कर्मचारीको न्युनतम ज्यालामा एकरुपता हुनुपर्ने विषयमा पनि बहस सुरु भएको छ । थाहामा रहेका विभिन्न सहकारीले विविध कार्यक्रम गरिरहँदा सहकारी शिक्षा दिनमा कन्जुस्याइँ गरि रहेको विषयमा पनि बहस गर्न जरुरी रहेको बताइएको छ । सहकारी संस्थासँग सहकार्य गरेर थाहानगरको आर्थिक समृद्धि अगाडि बढ्ने सम्भावना रहेको सहभागीले बताएका छन् । सहकारीको बिनाधितोको ऋण उठाउन समस्या रहेको छ । स्थानीय सरकारले खराब ऋण उठाउन सहयोग गर्नुपर्ने माग गरिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ पुस १ गते सोमबार १६ डिसेम्बर २०२४ । प्रतिपदा, पौष कृष्णपक्ष । थिलागा ११४५ ने.सं. । सूर्योदय ६:४९, सूर्यास्त ५:०९ । राष्ट्रिय झण्डा दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : प्रेमप्रसंग सुमधुर आदर पाइनेछ | तुला | : स्वास्थ्यमा बाधा उत्पन्न हुनेछ |
| वृष | : अधुरा योजना पूरा हुने देखिन्छ | वृश्चिक | : आतिथ्यपूर्ण सम्मान पाइनेछ |
| मिथुन | : भाग्योदयको समय रहनेछ | धनु | : पवित्र कर्ममा मन जानेछ |
| कर्कट | : अध्ययन अध्यापनमा गडबडी हुनेछ | मकर | : घरेलु समस्याले सताउने देखिन्छ |
| सिंह | : काममा उत्साह बढ्नेछ | कुम्भ | : महत्वपूर्ण भेटघाट हुनेछ |
| कन्या | : प्रेमको बन्धन कसिनेछ | मीन | : उपहार हात लाग्नसक्नेछ |

# मर्यादित महिनावारीमैत्री देश चिनाउने अवसर



✍ गोविन्द खड्का

महिनावारी एक प्राकृतिक प्रक्रिया हो, जसले सृष्टि र जीवनलाई चलाउन महत्वपूर्ण भूमिका निभाउँछ । महिनावारी विभेदका कारण र प्रभावका विषयमा दर्जनौं प्रश्नहरू छन् । अन्तर्राष्ट्रिय मर्यादित महिनावारी दिवस मनाइर हँदा यो पवित्र प्रक्रिया, जसले सृष्टि चलाउँछ, उसैलाई किन अपवित्र बनाइयो ? शुद्धता र अशुद्धताको ट्याग कसले लगायो ? कल्पना गरौं, महिनावारी नै भएन भने के होला ? सृष्टि कसरी चल्ला ? सृष्टि चलाउने यो प्राकृतिक प्रक्रियालाई सम्मान गर्नुको सट्टा समाजले किन अपमान गरि रहेको छ ? महिनावारी हुने व्यक्तिलाई दोस्रो दर्जाको नागरिक किन बनाइएको होला ? के महिनावारी नभएको भए संसारमा जीवनको अस्तित्वमा रहन्थ्यो त ? महिनावारी र प्रजनन् प्रक्रियासँगै, जीवनको उत्पत्ति र भविष्यलाई निर्धारण गर्ने यस प्राकृतिक चक्रलाई ध्यानमा राख्ने हो भने महिनावारी हुनेहरूमाथिको विभेद्ले सृष्टिको अस्तित्वसँग मेल खाँदैन ।

महिनावारी विभेद्को अन्त्य र मर्यादित महिनावारीमा पुरुषको पनि उत्तिकै भूमिका रहेको हुन्छ । हाम्रो समाजमा महिनावारी हुने व्यक्तिलाई गर्ने विभेद, अपमानले महिला शरीरको स्वामित्व र स्वतन्त्रतालाई सम्मान गदैन । महिनावारीलाई अपवित्र ठान्नु भनेको महिलाको शरीर र जीवनलाई सामाजिक रूपमा त्याग्नु हो । हामीले महिनावारीलाई अपवित्र र अशुद्ध ठान्दा हामीले प्राकृतिक प्रक्रियासँग अन्याय गरि रहेको हुनेछ । आफ्नै अस्तित्व र प्रजनन्को आधारलाई नष्ट पार्ने काम पुरुषबाट पनि हुनु हुँदैन । महिनावारीको कारण शिक्षा, स्वास्थ्य र रोजगारका अवसरहरूमा असर गरिरहेको छ भने समावेशी र समतामूलक समाज निर्माणको यात्रामा अगाडि बढ्न सकिँदैन ।

**समाज र मौनता**

महिनावारी विभेद हाम्रो समाजको सामान्य लाग्ने गम्भीर समस्या हो । यसले महिनावारी हुने व्यक्तिको सम्मान, स्वतन्त्रता र मौलिक अधिकारलाई असर गर्छ । जात, धर्म, भाषा, धनी-गरिब, पढेको-नपढेको, शहर-गाउँ, सबै परिस्थतिमा महिनावारी हुँदा महिनावारी हुने व्यक्तिहरूले केही न केही देखिने र नदेखिने खालका बार्ने चलनहरू छन् ।

विशेषगरी खान हुने कि नहुने, छुन हुने कि नहुने अथवा सहभागी हुने कि नहुने, हिँडडुल गर्न हुने कि नहुने भन्ने कुराहरूसँग सम्बन्धित छन् । गोठमा बस्ने कि नबस्ने भन्ने कुरालाई मात्रै महिनावारी विभेद मान्न सकिन्न । महिनावारीमा नभएको २५ दिन र महिनावारी भएको पाँच दिने क्रियाकलापमा छुट्टिने (भान्सामा नजाने, पूजा नगर्ने, खाना छुट्टै खाने) व्यवहार सुदूरपश्चिम र कर्णालीमा मात्रै नभएर अन्यत्र पनि रहेको देखिन्छ ।

महिनावारीका नाममा हुने विभेद्ले किशोरी र महिलाको शिक्षामा असर, स्वास्थ्य जोखिम र मनोवैज्ञानिक तनाब निम्त्याउँछ । तर, समाज महिनावारीका विषयमा खुलेर कुरा गर्न किन तयार छैन ? यो मौनताका पछाडि अज्ञानता, लाज, र परम्परागत धारणाको खास के हो ? यो मौनता अज्ञानताको उपज हो कि परम्पराको नाममा लाज छोप्ने प्रयास ?

सबै प्रकारका विभेद र हिंसाविरुद्ध मौनता तोड्नुपर्छ भन्ने सचेत समाज किन महिनावारी विभेद्को सवालमा मौन छ ? शिक्षित मानिने मानिसहरूले पनि महिनावारीबारे खुलेर कुरा गर्न नचाहनु र यसलाई सामाजिक विषयको रूपमा नउठाउनुको कारण के होला ? त्यसो भए के उनीहरूले महिनावारीलाई समाजको कलङ्क बनाउने जिम्मा लिएका हुन् ? यस्ता थुप्रै प्रश्नहरूले नेपाली समाजलाई विश्वसामु शिर निहुराउने बनाएको छ ।

**संविधान, कानुन र महिनावारी विभेद**

हाम्रो संविधानले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार दिएको छ । तर महिनावारीको कारण कसैलाई भान्सामा जान नदिँदा, घरभित्र बस्न नदिँदा मौलिक हकको उल्लैन भएको छ । यो विषय बलियोसँग संसददेखि सडकको बहसमा आउन सकेको छैन । यस्तो संवेदनशील विषयलाई किन संवाद र सहकार्यको माध्यमबाट समाधान गर्न खोजिदैन ? अहिले समाजमा महिनावारीलाई स्वास्थ्य र सरसफाइसँग जोडेर बहस गरिएको छ । धेरै व्यक्ति, संघ-संस्था, सरकारले पनि त्यसै अनुसार काम गरिरहेका छन् । त्यसैसँग जोडेर नेपालमा अहिले महिनावारी प्याड बाँड्ने कार्यक्रम चलेको छ । तर, यसले मात्रै किन महिनावारी विभेद अन्त्य भएको छैन ?

महिनावारी विभेदले महिलाहरूलाई शारीरिक, मानसिक र सामाजिक रूपमा प्रताडित गरेर लैङ्गिक हिंसाका विभिन्न रूपलाई जन्म दिन्छ । यो मानवअधिकारको गम्भीर उल्लंघन हो, जसले समानताका अधिकार, शिक्षा, स्वास्थ्य, र सम्मानजनक जीवनयापन गर्ने अधिकारलाई प्रत्यक्ष असर पुऱ्याउँछ । नेपालको संविधान २०७२ को धारा ३८ मा महिलालाई समानता र भेद्भावरहित जीवन जिउने अधिकार सुनिश्चित गरिएको छ ।

साथै लैङ्गिक हिंसाविरुद्ध ऐन २०६७ र मानव अधिकार संरक्षण ऐन २०५३ अनुसार यस्ता कार्यहरू कानुनी अपराधमा पर्छन् । महिनावारी विभेद्लाई छाउपडीको नामसँग जोडेर २०७४ सालमा गैरकानुनी घोषित गरिएको थियो । महिला अधिकारसँग जोडिएका यी महिनावारी विभेद्का दर्जनौ अभ्यासहरूले कानुनलाई चुनौती दिँदै समाजलाई अझै पनि पुरातन सोचको जालमा फसाइरहेको छ । भान्सामा जान नपाउने एउटा मात्रै विभेदले संविधानका कति मौलिक हक, धारा र त्यसअन्तर्गत बनेका कानुनको उल्लैन भइरहेको छ ।

संविधानले समानुपातिक समावेशी र सहभागिताको सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माणका लागि वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने लक्ष्य लिएको छ ।

संविधानमा उल्लेख भएका मौलिक अधिकारका धाराहरू: सम्मानपूर्वक जिउन पाउने अधिकार, स्वतन्त्रताको अधिकार, समानताको अधिकार, खानाको अधिकार, शिक्षाको अधिकार, स्वास्थ्यको अधिकार, बासको अधिकार, छुवाछुत विरूद्धको अधिकार, महिला हकको अधिकार हरू लेखिएका छन् । यी सबै अधिकारहरू महिनावारी भएको बेलामा बार्ने चलनले एकसाथ हनन् भएको अवस्था देखिएको छ । त्यसो भए महिनावारीको विभेद्लाई महिला हिंसा किन नभन्ने ? भन्ने प्रश्नको उत्तर समाजले दिन सकेको छैन । महिनावारी विभेद नेपालमा सबै ठाउँमा छन् । यसका अभियानता डा. राधा पौडेलको अध्ययन र अनुसन्धानमा आधारित किताबको अध्ययन गर्दा महिनावारी विभेद रुपमा फरक भए पनि सारमा संसारभरि छ । सुदूरपश्चिम र कर्णालीका कयौ गाउँमा अझै महिनावारी भएका बेला गोठमा पठाइन्छ । त्यहाँ विभेद् बाहिर आँखाले प्रष्ट देखिन्छ, अन्त देखिन्न । तर, गर्न हुने र नहुनेको अध्ययनको सूची हेर्ने हो भने मेरो जिल्ला अछाम भन्दा काठमाडौँमा धेरै महिनावारी विभेद् छ ।

तर, किन छाउपडीको ट्यागमा महिनावारी विभेद सुदूरपश्चिम र कर्णालीका जिल्लामा मात्रै छ जस्तो भाष्य बनाएको छ ? के अभाव, गरिवी अशिक्षाका कारणले ती ठाउँलाई हपेको ? संघ-संस्थाहरूले मर्यादित महिनावारीमैत्री समाज निर्माण गर्नुको सट्टा किन विभेदलाई मात्र प्रचार गरिरहेका छन् ? पहिलो ‘अन्तर्राष्ट्रिय मर्यादित महिनावारी दिवस’ नेपाल सरकारको नेतृत्वमा मनाइएको थियो । अहिले छैठौं मर्यादित महिनावारी दिवस मनाइएको छ ।

डिग्नीफाइट मेन्सुरेसन ग्लोबल साथ कोलिसनका अनुसार नेपालसहित विश्वका ७३ देशमा अन्तर्राष्ट्रिय मर्यादित महिनावारी दिवस मनाइएको छ । नेपालले मर्यादित महिनावारी अभियानमा नेतृत्व गर्दै पहिलो पटक सरकारी तहमा र तेस्रो पटक राष्ट्रिय मानवअधिकार आयोगको स्वामित्वमा यो दिवस मनाएर विश्वमा सकारात्मक सन्देश दिएको थियो । त्यसपछि राज्य र राज्यका निकायले अग्रसरता देखाएका छैनन ।

महिनावारी विभेद्को अन्त्यका लागि सरकारी नीति, योजना, र क्रियाकलापको प्रभावकारी कार्यान्वयनमा जोड दिनु आवश्यक छ । समाजको पुरातन सोच र विभेदकारी व्यवहारलाई तोड्ने जिम्मेवारी सरकारको मात्रै नभएर आम समुदायको पनि हो ।

मर्यादित महिनावारीको अभियानलाई निरन्तरता दिने र विभेदको अन्त्य केवल नारा र औपचारिकताबाट मात्र हुँदैन । पहिलो पहलकर्ता भएको नाताले सयुक्त राष्ट्रसैलाई दिवसको मान्यताका लागि आग्रह गर्दै नेपाललाई मर्यादित महिनावारीमैत्री देशका रूपमा चिनाउने सुनौलो अवसर रहेको छ ।

*(साभार: रासस)*

# प्रधानमन्त्रीको चीन भ्रमणको एजेन्डा नै बीआरआई

✍ श्यामप्रसाद मैनाली

प्रधानमन्त्री केपी शर्मा ओली चीनको औपचारिक भ्रमण पूरा गरी स्वदेश फर्किसक्नु भएको छ । चीन भ्रमणका क्रममा बीआरआईको फ्रेमवर्क वा ढाँचामा हस्ताक्षर गर्ने काम पूरा भएको छ । छिमेकी देश चीनको भ्रमणमा जानुअघि सत्तारुढ ठूला दुई दलका बीच बीआर आई सम्झौता गर्दा ऋण लिने वा अनुदान मात्र लिने भन्ने विषयमा धेरै लामो छलफल भएको थियो । अन्त्यमा यी दुई दलका बीचमा अनुदान मात्र लिने गरी बीआरआईलाई स्वीकार गर्ने सहमति बनेको थियो । प्रधानमन्त्रीले देश छाड्नुअघि नै यो सहमतिबाट भिन्न प्रकारले बीआरआईको सन्दर्भमा हस्ताक्षर हुने अनुमान यस क्षेत्रका जानकारहरूले गरिराखेका थिए । सोही अनुरुप अहिले बीआरआईमा सम्झौता भएको छ । यो सम्झौताले ऋण लिनको लागि मार्ग प्रशस्त गरिदिएको छ । तर अनुदानको भाषा कहीँ कतै उल्लेख भएको छैन । यस अर्थमा सत्तारुढ दलहरूका बीचको सहमति समझदारीलाई प्रधानमन्त्रीले कम प्राथमिकतामा राखेको स्पष्ट भएको विश्लेषण हुन थालेको छ ।

चीन सरकारले सबै मित्रराष्ट्रहरुसँग सम्झौता गर्दा जे-जस्ता प्रकारका आधार तय गरेको थियो, त्यसभन्दा पृथक सर्तहरुसहित नेपालसँग सम्झौता गर्ने सम्भावना अत्यन्तै न्यून रहेको अनुमान सहजै गर्न सकिने अवस्था थियो । प्रधानमन्त्री चीनमा पुगेपछि एकदिन पूरै यस विषयमा दुईपक्षीय वार्ता भएको तर अनुदान मात्र लिने सर्त चिनियाँ पक्षले अस्वीकार गरेकाले बीआरआईमा हस्ताक्षर हुने सम्भावना न्यून भएको थियो । यस परिस्थितिमा प्रधानमन्त्री ओलीजीले भाषिक शब्दजालमा यो सम्झौता गर्ने निर्णय लिनुभएको हो । फाइनान्सियल एसिस्टेन्सको संज्ञा दिएर यस प्रकरणको पटाक्षेप भएको छ । फाइनान्सियलको अर्थ अनुदान मात्र होइन, यो ऋण पनि हो । यस विषयमा समझदारी भएपश्चात् सत्ताधारी दल अथवा सत्ताका सहयात्री दल नेपाली कांग्रेसभित्र बहसको विषय बनिराखेको छ । यो आलोचनाको विषय अब नेपाली कांग्रेस दलभित्र भन्ने प्राय: निश्चित छ । यस विषयमा दुई प्रकारका मतहरू यस दलभित्र व्यक्त हुनेछन् । परराष्ट्रमन्त्री आर्जु देउवा भ्रमण दलमै रहेका कारण उनले यसको बचाउ गर्नेछिन् । तर दलमा ठूलो छलफलको विषय हुने निश्चित छ । यिनै विषयमा यस आलेखलाई केन्द्रित गराउने प्रयास गरिएको छ ।

बीआरआई सामान्य प्रकृतिको सम्झौता बिल्कुल होइन । यसमा चीनको बृहत् रणनीति अन्तर्निहित छ । सोभियत संघको विघटनपश्चात् चीन विश्वमै शक्ति सम्पन्न राष्ट्रका रूपमा उदय भइराखेको छ । व्यापार क्षेत्रमा यसले विश्वमै साम्राज्य कायम गरिसकेको छ । सन् २०३० सम्म अमेरिकालाई पछि पार्दै सबैभन्दा धनी देश बन्ने तीव्र प्रतिस्पर्धामा चीन लागेको छ । यो उद्देश्यमा अघि बढ्दा विश्वभर नै सम्बन्ध विस्तारको सञ्जाल तयार पारी सञ्जालहरूमार्फत आफ्ना क्रियाकलापलाई अघि बढाउने रणनीति बीआरआईको हो । यही बृहत् सञ्जालमार्फत विश्वका देशहरूसँग सम्पर्क कायम गर्दै सहयोग गर्ने र आफ्नो प्रभाव विस्तार गर्ने काममा चीन गम्भीरतापूर्वक लागेको छ । यस रणनीतिका सम्बन्धमा स्वभावत: संयुक्त राज्य अमेरिकाले चासो राख्ने नै भयो । उसले सन् २००७ मा नै एसिया प्यासिफिक स्ट्राटेजी र हालका दिनमा इन्डो प्यासिफिक स्ट्राटेजीमार्फत यो रणनीतिलाई नियन्त्रण र सन्तुलन कायम गर्ने नीति अवलम्बन गरिराखेको छ ।

यी दुवै रणनीतिहरु यतिखेर विश्वबजारमा अघि बढिराखेका छन् । चीनले वान बेल्ट वान रोड इनिसिएटिभ नामबाट विश्वबजारमा व्यापारलगायत कूटनीतिक अवस्था थप सुदृढ गर्ने उच्च महत्वाकांक्षा लिई अघि बढ्ने दृढताका साथ कार्य प्रारम्भ गरेको छ । परम्परागतरुपमा रहेको सिल्क रुटलाई विस्थापित गर्नेलगायतका बहुआयामिकरुपमा विकास गर्ने अभिप्रायले यो रणनीतिलाई अघि बढाएको हो । यसमा अर्बौं डलर खर्च भई विश्वका विभिन्न क्षेत्रहरूमा विस्तारित हुने लक्ष्य छ । यसमा संलग्न चीनलगायत अन्य विश्वका सम्पूर्ण देशको दुईपक्षीय बहुआयामिक विकास गर्ने उद्देश्यसहित यो अघि बढेको उद्घोष चीनले पटक-पटक गरि सकेको छ । अन्तर्राष्ट्रिय मुद्राकोष, विश्व बैंक र विश्व व्यापार संगठनले बीआरआईको सम्भाव्यताको आँकलन गर्दै यसलाई स्वीकार गर्ने निर्णय लिएका छन् । नेपालले मे १२, २०१७ मा नै बीआरआईमा आफ्नो संलग्नता देखाइसकेको छ ।

चीन, बंगलादेश, अफगानिस्तान, पाकिस्तान, श्रीलंका र नेपालसमेतलाई संलग्न गराउने बृहत् अभियानमा चीन अत्यन्त गम्भीर तापूर्वक अघि बढेको अवस्था छ । चीनका लागि यो जरुरी पनि छ । किनकि युरोप, अमेरिकालगायतका मुलुकमा प्रवेश पाउने र अत्यन्त ज्यादा चीनले प्रयोग गरी आएको बन्दरगाह जल डमरु हो । यो मलेसिया र इन्डोनेसियाको बीचमा रहेको सानो निकास हो । यसैबाट चीनले विश्वबजारमा सम्पर्क स्थापित गरी आएको छ । यसलाई थप सुधार गर्न विभिन्न थप नाकाहरु खोल्नु जरुरी छ । यो अवस्थामा मात्र चीनले व्यापार व्यवसायमा छलाङ मार्न सक्छ ।

बीआरआई र इन्डो प्यासिफिक स्ट्राटेजीका सम्बन्धमा नेपाललाई आफ्नो असंलग्न परराष्ट्रनीतिलाई बचाइराख्न अत्यन्त असहज बनेको छ । एसपीपीमा नेपालले सहमति जनाउँदा चीन र भारत दुवै असन्तुष्ट बन्छन् । बीआर आईमा नेपाल सहभागी हुँदै गर्दा भारत र संयुक्त राज्य अमेरिकाले यसलाई पचाउन सक्दैन । एमसीसी, इन्डो प्यासिफिक स्ट्राटेजीका विपक्षमा चीन रहेको छ । यो त्रिपक्षीय भीडन्तमा नेपालले बीआरआईमा पनि हस्ताक्षर गरेको ७ वर्षपछि पुन: खाका वा ढाँचा बनाई त्यसमा हस्ताक्षर गरेको छ । यसले चीनसँगको सम्बन्धमा केही सुधार आएको अवस्था छ भने अर्कोतर्फ दक्षिणतर्फको छिमेकीसँगको सम्बन्धमा सन्तुलन कायम गर्न कठिन भएको छ । भारत नेपालले बीआरआईमा संलग्नता दिएको देख्न चाहँदैन । तर स्वयं भारतलाई चीनसँग व्यापारिक सम्बन्धको निरन्तरता गरिरहनुपर्ने बाध्यता छ ।

किनकि सन् २०१६ मा मात्रै ७१ मिलियन अमेरिकी डलर बराबरको व्यापार भारतले चीनसँग गर्दै हालका दिनमा यसको आकार वृद्धि गर्दै गएको छ । चीनलाई महत्वपूर्ण व्यापारिक साझेदारको रुपमा भारतले स्वीकार गरेको छ । उसको आफ्नै स्वार्थको लागि पनि यसलाई निरन्तरता दिन चाहन्छ । व्यापारिक प्रगतिका लागि यो ठूलो चुनौतीको विषय हो । चीन र भारत ब्रिक्सको साथै सांघाई सहयोग संगठनमा पनि सहकार्य गर्दै आएका छन् । यति प्रगाढ हिसाबले बनेको व्यापारिक सम्बन्ध यो बीआर आईको कारणले मात्र टुट्न सक्ने अवस्था भारत र चीनका बीचमा देखिँदैन । तर बीआरआईको एउटा महत्वपूर्ण आयोजना चीन, पाकिस्तान आर्थिक मार्गको कार्यान्वयन गर्दा विवादित क्षेत्र काश्मिरको भूभाग प्रयोग गरिने अवस्था छ । यसबाट भारतको सार्वभौमसत्तामा नै अतिक्रमण हुने स्थिति देखिएको छ । त्यसैले गर्दा भारत बीआरआईमा प्रवेश नगर्ने निर्णयमा पुगेको छ ।

यसमा अर्को कोणबाट पनि विश्लेषण गर्नुपर्दछ । चीनले बीआरआईको किन यति धेरै महत्व दिएको छ भन्ने सन्दर्भमा केही तथ्यहरु उल्लेख भइसकेको छ । नेपाललाई विशेष गरी बीआरआईमा संलग्न गराउन चीन चाहन्छ । यसका धेरै कारण छन् । पहिलो कारण हो एक चीन नीति अवलम्बन गर्न पनि नेपाललाई आफ्नो विश्वासमा लिनु जरुरी छ । विशेष गरी दुईवटा घटनाबाट चाइना नेपालका लोकतन्त्रवादीहरू वा नेपाली कांग्रेसबाट सशंकित भएको छ । सन् २०१६ मा गोवामा भएको एक सम्मेलनमा तिब्बती शरणार्थीका प्रतिनिधिहरूको उपस्थिति देखिएको थियो । जुन कार्यक्रममा शेर बहादुर देउवा उपस्थित थिए । हुम्ला जिल्लाको सीमा विवादको सम्बन्धमा प्रकाशमा आएको प्रतिवेदनमा जीवनबहादुर शाहीजीले जुन अडान र चित्रण गरेका थिए त्यसबाट पनि चीन नेपाली कांग्रेससँग नजिकको सम्बन्ध राख्न असहज मानेको छ ।

यही कारणले गर्दा चीन नेपालमा वामपन्थी दलहरूको बीचको एकता र यिनै दलहरूको सरकार देख्न चाहन्छ । यसैमा लबिङ गर्छ । त्यसैले नेपालका लोकतन्त्रवादीहरू पनि चीनसँग खुलस्त हुन सकेका छैनन् । बीआर आईलाई निस्तेज गराउने उपायका रुपमा एमसीसी, एसपीपी, इन्डोप्यासिफिक स्ट्राटेजी आदि प्रकारका रणनीतिहरु लागू भइराखेका छन् । स्वभावत: नेपाली कांग्रेस यही रणनीतिको पक्षमा देखिन्छ । प्रधानमन्त्रीलाई चीनसँगको सम्बन्ध बढी प्रगाढ गराउनुपर्ने बाध्यता छ । त्यसैले उनी चीनसँगको समझदारी सम्झौतामा लचिलो बन्न चाहन्छन् । यही लचकताको कारण अहिले नेपाली कांग्रेसको अनुदानमा मात्रै बीआरआईलाई स्वीकार गर्ने अडानका विपरीत ऋणसमेत लिने प्रकारले सम्झौता सम्पन्न भएको छ । सी जिन पिङ नेपाल आउँदा बृहत् फ्रेमवर्कमैकै समझदारी बनेको थियो । प्रचण्ड र ओली प्रधानमन्त्री हुँदा चीनको भ्रमण गरेका थिए । त्यसमा पनि बीआरआई स्वीकार गर्ने सहमति भएकै हो ।

अस्पष्टताको जन्जालभित्र बीआरआई सम्झौता भएको छ । किनकि पहिला सत्तारुढ दलकै बीचमा अनुदान र ऋणका विषयमा लामो छलफल भयो । कृत्रिमरुपमा मतैक्यता गरियो । यो विश्वलाई देखाउने दाँत एउटा र नेपाली जनतालाई देखाउने अर्कै थियो । प्रधानमन्त्रीलाई चीनले अनुदान मात्रको हिसाबमा बीआरआई कार्यान्वयनमा लैजान स्वीकार गर्ने विश्वास थिएन । किनकि यो आफैंमा बृहत् अवधारणा हो । विश्वमा प्रवेश गर्ने चिनिया रणनीति हो । त्यो रणनीतिमा चीनले समझदारी गर्दैन । त्यसैले ऋणसमेत लिने गरी सम्झौता गर्ने पक्षमा मनोवैज्ञानिकरूपमा ओलीजी चीन प्रस्थान गर्नुअगाडि नै तयार थिए । समझदारी भएपश्चात् पनि सन् २०१७ को समझदारीलाई एक स्टेप अघि बढेर कार्यान्वयनको ढाँचा सम्भव बनेको अवस्था छ । स्पष्टरुपमा नेपाली कांग्रेसलाई पनि बीआर आई लिन्न भन्न कठिन छ ।

बामपन्थीहरुलाई त यो प्रश्नको विषय नै भएन । नेपालका परराष्ट्रमन्त्री नेपाली कांग्रेसका हुँदाका बखत सन् २०१७ मा सम्झौता भएको हो । नैतिक बन्धन यस दललाई पनि पर्ने नै भयो । अर्कोतर्फ चीनसँग धेरै टाढा रहनु पनि नेपाली कांग्रेसको लागि प्रत्युत्पादक नै हुन्छ । त्यसैले पनि बीआरआई स्वीकार गर्ने औपचारिकता पूरा भएको छ । ऋण र अनुदानको विषयमा यति धेरै छलफल हुनुको कुनै तुक देखिँदैन, किनकि यो छाता अवधारणा हो । यसमा तेस्रो पक्षहरु लगानी गर्न आउनुपर्छ । त्यसमा नेपालका लगानीकर्ताहरू र सरकारले पनि आफ्नो लगानी गर्ने हो । चीनले यस्ता प्रोजेक्टबाट आफ्नो दीर्घकालीन फाइदाको विषय सोच्ने नै भयो । कार्यान्वयनको चरणमा जाँदा रकमको आवश्यकता पर्दछ । त्यो रकम चीनले सीधै नेपाललाई दिने होइन । चीनका बैंक र वित्तीय संस्थाहरूसँग ऋण लिने हो वा अन्य वैकल्पिक स्रोत अवलम्बन गरी परियोजना अघि बढाउने हो । यसरी खर्च गरिएको रकमले नेपाललाई असहज बनाउने अवस्था सिर्जना हुँदा चीनले ऋणलाई सहुलियतपूर्ण ऋणमा परिणत गर्नेसम्म हो । उसको मोडालिटीमा अनुदान दिएर बीआरआई सञ्चालन गर्ने बिल्कुल होइन । हामी यस्ता विषयमा लामो बहसमा अलमलिएको स्थिति छ ।

*(साभार: न्यूज अफ नेपाल)*

नेपाल प्रिमियर लिग

# पुनर्जीवित 'पावर हिटिङ' अनि दर्शकको उत्साह

काठमाडौं । नेपाल प्रिमियर लिग एनपीएलमा यो साता त्यति धेरै रन बनेको खेलहरू हामीले देखिरहेका थिएनौं । विशेषगरी पिचले बलरहरूलाई दिएको साथ अनि ब्याटरहरूको संघर्षले गर्दा छक्का हान्दा र रन बन्दा हुनेजत्तिको उत्साह विकटबाट छाउन सकेन ।




तर साताको अन्त्यमा आइपुग्दा महत्वपूर्ण दुई खेलहरू अनि शनिबारको दर्शकमाझ देखिएका पावर हिटिङले यस शनिबारलाई साँच्चिकै सुपर स्याटरडे बनाइदियो । त्रिवि क्रिकेट मैदानमा काठमाण्डु र चितवनले आ-आफ्ना खेलहरू जित्दा ब्याटरहरूबाट पावर हिटिङको नमुना पनि देख्न पाइएको थियो ।

विहानको खेलमा काठमाण्डु गुर्खाजले पोखरा एभेन्जर्सलाई हराउँदा दिउँसो चितवन राइनोजले प्लेअफमा पुगिसकेको जनकपुर बोल्ट्सलाई हरायो । खेलको नतिजा त एकतर्फ छँदै नै छ त्यसमाथि आज विहानदेखि बेलुकासम्मै देखिएको जोडदार शटहरूले बललाई बाउन्ड्रीबाहिर पुऱ्याउँदा दर्शकको उत्साहलाई पनि अन्तरिक्षसम्मको उडान भराएको थियो ।

पहिलो खेलमा पोखराका बाँयाहाते ओपनिङ ब्याटरद्वय दिनेश खरेल र रेमोन रेइफरले चौका र छक्काको वर्षात् गराएका थिए भने पोखराले दिएको लक्ष्य पछ्याउने क्रममा काठमाण्डुका तीन विदेशी खेलाडीहरूले निडर शटहरू खेलेका थिए । अघिल्ला खेलमा चल्न नसकेका स्टेफेन इस्किनाजी र माइकल लेभिटले आक्रामक सुरूवात दिलाउँदा जेर जर्ड एरासमसले आक्रामक फिनिस गरेका थिए ।

दोस्रो खेलमा भने थप रोमाञ्चकता र थप उत्साह थियो । पहिलो इनिङमा चितवनका कप्तान कुशल मल्लले ७ छक्का प्रहार गरेका थिए भने उनलाई र वि बोपाराले साथ दिएका थिए । यी दुईकै ब्याटिङमा चितवनले राम्रो योगफल बनाएको थियो । जवाफमा दोस्रो इनिङमा जनकपुरका जिमी नीशमले पनि शानदार ब्याटिङ गरे । निरन्तर विकेट गुमाएपछि दबाबमा आएको जनकपुरका लागि उनले सुरूवातदेखि नै चार्ज लिएर आक्रमक ब्याटिङ सुरू गरेका थिए । उनले एनपीएलकै सबैभन्दा छिटो अर्धशतक समेत बनाए ।

यसरी शनिबार त्रिवि क्रिकेट मैदानमा पहिलो खेलमा काठमाण्डुका विदेशी खेलाडी अन्ततः चले भने दोस्रो खेलमा चितवनका र जनकपुरका खेलाडीहरूबाट पावर हिटिङ देख्न पाइएको थियो ।

### बागमतीका दुई टिमको जितले दुई टोली बाहिरिए

शनिबारको खेलमा बागमती प्रदेशबाट प्रतिनिधित्व गर्ने दुई टोली काठमाण्डु गुर्खाज र चितवन राइनोजले जित निकाले । यो नतिजाले विराटनगर किंग्स र पोखरा एभेन्जर्सको प्लेअफ सम्भावना सकिएको छ ।

पहिलो खेलमा काठमाण्डुले पोखरामाथि सहज जित हात पाऱ्यो । पोखराले दिएको १३९ रनको लक्ष्य काठमाण्डुले झण्डै ६ ओभरअगावै पूरा गऱ्यो । काठमाण्डुको जितमा विदेशी खेलाडी स्टेफेन इस्किनाजी र माइकल लेभिट चम्किए । उनीहरूले विस्फोटक सुरूवात दिलाए । इस्किनाजीले अर्धशतक नै बनाउँदै काठमाण्डुको जित्नैपर्ने खेलमा स्टेप अप गर्दै खेल जिताए ।

त्यसअघि पोखराका ओपनर दिनेश खरेलले राशिद खानको एकै ओभरमा चार चौकासहित कुल ६ चौका र १ छक्कासहित विस्फोटक सुरूवात दिलाएपनि अन्य खेलाडीले मिडल अर्डरमा प्रदर्शन गर्न सकेनन् । अघिल्लो खेलका नायक रेमोन रेइफरले १ चौका र ३ छक्कासहित ४१ रन बनाउँदै फिनिस गरेका थिए ।

त्यसैगरी दोस्रो खेलमा जनकपुरविरुद्ध टस जितेर पहिले ब्याटिङ गरेको चितवनले निर्धारित २० ओभरमा १८० रन बनाएको थियो । ५५ रनमा ३ विकेट गुमेपछि क्रिजमा रहेका कप्तान कुशल मल्लले बोपारासँग मिलेर शतकीय साझेदारी गरे । यसक्रममा कुशलले ७२ रन बनाए भने बोपाराले ४४ रन बनाए ।

कुशलले लेगसाइडमा आफ्नो पावर हिटिङ देखाइरहेका थिए भने बोपाराले उनलाई साथ दिइरहेका थिए । कुशल मल्लले अरनिको यादवलाई एकै ओभरमा ३ छक्कासहित कुल ७ छक्का प्रहार गरेका थिए । बोपाराले ५ चौका र १ छक्का प्रहार गरे ।

दोस्रो इनिङमा राम्रो सुरूवात पाउन नसकेको जनकपुरले कप्तान अनिललाई ८ रनमा गुमाएको थियो । लाहिरु मिलान्था १ रनमा तथा हर्श थाकर ६ रनमा आउट भएपछि दबाबमा आएको जनकपुरका लागि शुभ कंसाकारले केहीबेर इनिङ सम्हाल्ने प्रयास गर्दागर्दै आउट भए ।

त्यसपछि आएका जिमी नीशमले सुरूवातदेखि नै अट्याक सुरू गरेका थिए । उनले बासिल हामिदलाई एकै ओभरमा २४ रन प्रहार गर्दा कुल ५ चौका र ६ छक्का प्रहार गर्दै २४ बलमा ६५ रनमा आउट भए । यद्यपी यस खेलमा टिमलाई जित दिलाउन नसकेपनि उनी प्लेअफअगाडि फर्ममा देखिएका छन् ।

यसरी त्रिवि क्रिकेट मैदानमा आज भने अरू दिनजस्तो बलर हावी देखिएनन् । आजको दुवै खेलमा ब्याटरहरूले बाउन्ड्री प्रहार गर्ने सिलसिला चलिरहँदा दर्शकमाझ पनि उत्साह बढिरहेको थियो । शनिबारको दिन भएकाले विहानदेखि दर्शकहरू आउने क्रम जारी थियो ।

दिउँसोसम्म भरिएको दर्शकदीर्घामा दर्शकहरू मैदानमा खेलाडीको प्रदर्शनबाट उत्साहित भइरहेका थिए भने बेलाबेला बज्ने गितहरूमा पनि रमाइरहेका थिए । यसरी आज पनि त्रिवि क्रिकेट मैदानमा शनिबारको खेल सुपर शनिबारजस्तै सुपर भयो ।

### कुशलको कप्तानी पारी

चितवनका कप्तान कुशल मल्लले आज चितवनको जितमा खेलेको पारी पनि निकै तारिफयोग्य छ । टिमका लागि उनले मिडल ओभरमा उनले खेल चलाएका थिए । उनको आजको पारीलाई आज कप्तानी पारी नै मान्नुपर्छ ।

चितवन ४६-२ को अवस्थामा हुँदा क्रिजमा आएका उनले ५५-३ को स्कोर हुँदा पार्टनर सन्तोष कार्कीलाई गुमाएका थिए । त्यसपछि आएका रवि बोपारासँग मिलेर उनले शतकीय साझेदारी गरे । कुशलले ३ चौका र ७ छक्कासहित ४१ बलमा ७२ रन बनाए । उनकै इनिङले चितवनले ठुलो स्कोर बनाएको थियो र त्यसलाई डिफेन्ड गर्दै खेल पनि जित्यो ।

खेलपछि पत्रकारहरूसँग बोल्दै उनले १८० रनको स्कोर भएपछि राम्रो बलिङ युनिटले त्यसलाई डिफेन्ड गर्न सकिने कुरामा ढुक्क रहेको बताएका थिए ।

### जनकपुरलाई ब्याटिङ्मा चिन्ता ?

जनकपुरले सुरूवाती तीन खेल खेल्दा टप अर्डरले निकै शानदार प्रदर्शन गरेका थिए । विशेषगरी दुई खेलाडी लाहिरु मिलान्था र हर्श थाकरले शानदार ब्याटिङ गरेका थिए । तर त्यसपछिका खेलमा भने टप अर्डर धर्मराएको देखिएको छ ।

लगातार चार खेल जित्दै अपराजित रहेको अवस्थामा जनकपुर सुदूरपश्चिमसँग ५१ रनमा अलआउट भएको थियो । त्यसपछि काठमाण्डुसँगको खेलमा जित निकाले पनि टप अर्डरबाट प्रदर्शन भएको थिएन । १०२ रनको लक्ष्य पछ्याउँदा ४४ रनमा ४ विकेट गएपछि जिमी नीशमले ३ छक्का प्रहार गरेर खेलको मोमेन्टम तानेका थिए जसलाई थाकरले फिनिसिङ दिए ।

जनकपुर प्लेअफमा जाँदै गर्दा आफ्नो सबैभन्दा बलियो पक्षले नै धोका दिन सक्छ । त्यसकारण गलत शटहरू खेलेर विकेट फालिरहेका टप अर्डरले सम्हालिएर ब्याटिङ गर्नुपर्ने हुन्छ । जनकपुरले हारेको खेलमा कप्तान अनिलको भनाई पनि त्यही थियो । स्लो विकेटभन्दा पनि गलत शटहरूले गर्दा धेरै विकेट गएको उनको भनाइ थियो । प्रशिक्षक पुबुदु दासानायकेले पनि केही कुराहरूमा प्लानिङअनुसार काम हुन नसकेको बताएका थिए ।

(स्रोत: अनलाइनखबर)

# प्लेअफको तीन स्थानका लागि चार टिम होडमा, कसलाई के चाहिन्छ?

काठमाडौं/नेपाल प्रिमियर लिग (एनपीएल) को लिग चरणको अन्त्यतिर आइपुग्दा खेलहरु रोमाञ्चक बन्न थालेको छ । अनि शीर्ष चारमा रहेर प्लेअफ पुग्ने होड पनि अझ प्रतिस्पर्धात्मक र चक बन्दैछ । शनिवार भएको दुवै खेलमा बागमती प्रदेशको टोली काठमान्डु गुर्खाज र चितवन राइनोज विजयी भएपछि प्लेअफ पुग्ने होड रोचक बनेको छ । प्लेअफ पुग्ने टिमको टुङ्गो लाग्न पनि लिग चरणको अन्तिम खेलसम्म पुग्नुपर्ने सकिरण देखिएको छ ।

अहिलेसम्म लिग चरणको २८ मध्ये २५ खेल भइसक्दा एक टोली जनकपुर बोल्ट्सले मात्र प्लेअफमा स्थान पक्का गरेको छ भने तीन टोली प्लेअफको होडबाट बाहिरिसकेका छन् । अर्थात विराटनगर किंग्स पोखरा एभेन्जर्स र लुम्बिनी लायन्स लिग चरणबाटै बाहिरिएका छन् ।

अब शीर्ष चारमा रहँदै प्लेअफ पुग्ने होडमा चार टिम छन् । प्लेअफका लागि तीन स्थान मात्र खाली छ । अनि चारमध्ये तीन टिमले मात्र प्लेअफ यात्रा तय गर्नेछ । शनिबार जित हात पारेका चितवन राइनोज र काठमानुडु गुर्खाज पनि अब प्लेअफ पुग्ने होडमा छन् । यस्तै सुदूरपश्चिम रोएल्स र कर्णाली याक्स पनि प्लेअफ नजिक छ ।

तर यी चारमध्ये तीन टिम अगाडि बढ्ने र एक टिम बाहिरिने भएकोले कुन टिम कुन स्थानमा रहेर लिग सकाउला अनि प्लेअफ पुग्न यी टिमलाई बाँकी खेलमा कस्तो नतिजा चाहिएला भन्ने समिकरण भने रमाइलो छ ।

लिगमा ७ वटै खेल खेलिसकेको जनकपुर बोल्ट्स ७ खेलबाट १० अंकसहित शीर्ष स्थानमा छ । ५ खेलबाट ८ अंकसहित सुदूर पश्चिम दोस्रो स्थानमा छ । ७ खेल नै खेलिसकेको चितवन राइनोजको पनि ८ अंक नै छ र सुदूरभन्दा नेटरनरेटमा पछि पर्दै तेस्रो स्थानमा छ । ६ खेलबाट ८ अंक नै जोडेको कर्णाली याक्स चौथो स्थानमा झरेको छ । चितवनले शनिवार शीर्ष स्थानको जनकपुर बोल्ट्सलाई पराजित गरेपछि नेटरनरेटमा पछि रहेको कर्णाली चौथो स्थानमा झरेको हो । काठमान्डुले ६ खेलबाट ६ अंक नै जोडेर पाँचौ स्थानमा छ । अब लिगमा काठमान्डुले आइतबार विराटनगर किंग्ससँग खेल्नेछ भने सुदूरपश्चिमले आइतबारै पोखरा एभेन्जर्ससँग खेल्नेछ । सुदूरले अन्तिम खेल सोमबार कर्णालीसँग खेल्नेछ ।

आइतबार हुने पहिलो खेल काठमान्डुको लागि निकै महत्वपूर्ण छ । काठमान्डुले उक्त खेल जितेमा प्लेअफ होट अझ रोमाञ्चक बन्नेछ भने काठमान्डु विराटनगरसँग पराजित भएको यस खेलपछि नै प्लेअफ पुग्ने बाँकी तीन टिमको छिनोफानो हुनेछ । काठमान्डु पराजित भएमा सुदूरपश्चिम, कर्णाली र चितवन तीनवटै टिम प्लेअफमा पुग्नेछ ।

यदी काठमाडौं राम्रो अन्तरमा विजयी भएमा भने प्लेअफ पुग्ने टिमको टुङ्गो लाग्न बाँकी खेलको नतिजा पनि कुर्नुपर्नेछ । प्लेअफ होडमा रहेका चार टिमध्ये काठमान्डु नै सबैभन्दा दबाबमा छ । किनकी काठमान्डुले जितेर मात्र पुग्दैन अर्को खेलको नतिजा पनि आफूअनुकुल आउनुपर्नेछ । शीर्ष चारमा पुग्न कुन टिमलाई के चाहिन्छ त्यसबारे जानकारी यहाँ प्रस्तुत गरिएको छ ।

### जनकपुर बोल्ट्स

जनकपुर बोल्ट्स प्लेअफ पुग्ने पहिलो टोली हो । शनिबार चितवनलाई पराजित गरेको भए जनकपुरले शीर्ष दुईमा रहेर क्वालिफायर खेल्ने पक्का हुन्थ्यो । तर चितवनसँग पराजित हुँदा जनकपुरलाई केही धक्का लागेको छ । यद्यपी जनकपुर अझै शीर्ष स्थानमा छ र अझै पनि शीर्ष दुईमै रहेर पहिलो क्वालिफायर खेल्ने सम्भावना बढी छ ।

जनकपुरलाई शीर्ष दुईबाट पछि पार्न सुदूरपश्चिमले आइतबार पोखरालाई हराउनुपर्नेछ भने कर्णाली याक्सले अन्तिम खेलमा सोमबार सुदूरपश्चिमलाई हराउनु पर्नेछ । यदि यस्तो भएमा कर्णालीले सुदूरपश्चिमलाई कम्तीमा १२ रन अन्तरले हराउनुपर्नेछ ।

### सुदूरपश्चिम रोएल्स

अहिलेको अवस्थामा सुदूरपश्चिमले दुई खेल खेल्न बाँकी छ । यस्तोमा उसलाई फाइदा पनि छ चुनौती पनि छ । फाइदा यस अर्थमा कि सुदूरको नेटरनरेट पनि राम्रो छ र शीर्ष दुईमा रहनका लागि बलियो अवस्थामा छ । सुदूरले बाँकी दुईमध्ये एक खेल जितेमा पनि शीर्ष दुईमै रहने पक्का छ । दुवै खेल जितेमा सुदूरपश्चिम शीर्ष स्थानमा पुग्दै पहिलो क्वालिफायर खेल्नेछ ।

सुदूरपश्चिमका लागि सबैभन्दा खराब अवस्था हुन सक्ने भने दुवै खेलमा ठूलो मार्जिनले पराजित भएमा र काठमान्डुले अन्तिम खेलमा विराटनगरलाई पनि ठूलो अन्तरले पराजित गरेमा मात्र सुदूर प्लेअफ पुग्न असफल हुने अवस्था आउन सक्छ । तर यसका लागि सबै खाले समिकरण मिल्नुपर्छ र अहिलेको अस्थामा टिमहरुको लय हेर्दा त्यसो सम्भावना अली कम देखिन्छ ।

### कर्णाली याक्स

कर्णाली याक्स अहिले ६ खेलबाट ८ अंकसहित चौथो स्थानमा छ । अहिलेसम्म ८ अक जोडेको तीन टिममध्ये कर्णालीले नेटरनरेट सबैभन्दा कम छ । यदी काठमान्डुले आइतबारको पहिलो खेलमा विराटनगर विरुद्ध फराकिलो जित दर्ता गरेका कर्णालीलाई पछि पार्न सक्नेछ । तर कर्णालीले सोमबार लिगको अन्तिम खेलमा सुदूरलाई पराजित गरेमा प्लेअफमा स्थान पक्का हुनेछ र कम्तीमा १२ रनले जित हात पारेमा जनकपुरलाई पनि पछि पार्दै शीर्ष दुईमा पुग्नेछ ।

यदि आइतबार काठमान्डु गुर्खाज विराटनगर किंग्ससँग पराजित भएमा कर्णाली पनि अन्तिम खेल अघि नै प्लेअफमा पुग्नेछ र कुन स्थानमा लिग सकाउने भन्ने सुदूरपश्चिमसँगको खेलपछि टुङ्गो लाग्नेछ । यद्यपी कर्णालीको शीर्ष चारमा पुग्ने अवस्थामा धक्का पनि लाग्न सक्ने स्थिती पनि आउन सक्छ । यदी काठमान्डुले आफ्नो अन्तिम लिग खेलमा फराकिलो जित हात पारेमा कर्णालीले अन्तिम खेलमा कुन नतिजा ल्याउनुपर्छ भन्ने थाहा हुनेछ । अहिलेका लागि यदी काठमान्डुले १७० रन बनाएर ३० रनले जित हात पारेका कर्णाली याक्सले प्लेअफ पुग्न अन्तिम खेलमा सुदूरसँग ३९ रन वा त्यो भन्दा बढी अन्तरको हार टार्नुपर्नेछ ।

### चितवन राइनोज

लिग चरणमा सबै ७ खेल खेलिसकेको चितवन राइनोज ८ अंकसहित हाल तेस्रो स्थानमा छ । चितवन प्लेअफमा पुग्नका लागि अब अन्य टिमको खेलको नतिजा निर्णायक बन्नेछ । यदी आइतबार काठमान्डु पराजित भएमा चितवन पनि शीर्ष चारमा रहेर प्लेअफमा पुग्ने पक्का हुनेछ । एउटै मात्र अवस्थामा मात्र चितवन शीर्ष चार भन्दा बाहिर हुन सक्छ त्यो भने काठमान्डु गुर्खाजले पहिले ब्याटिङ गर्दै २०० रन बनाएको अवस्थामा १४२ रन अन्तरको जित हात पार्नुपर्नेछ । त्यो भएमा मात्र काठमान्डुले चितवनलाई पछि पार्नेछ । र त्यो यस्तो अवस्थामा कर्णालीले पनि अन्तिम खेलमा सुदूरपश्चिमलाई हराएमा मात्र चितवन बाहिरिनेछ ।

### काठमान्डु गुर्खाज

प्लेअफ होडमा रहेका चार टिम मध्ये सबैभन्दा कठिन अवस्थामा छ काठमान्डु गुर्खाज । शीर्ष चारमा रहन काठमान्डुले आफ्नो अन्तिम खेलमा विराटनगरलाई जितेर मात्र पुग्दैन । आवश्यक मार्जिनमा जित्नुपर्नेछ । चितवनलाई लिगमा पछि पार्द काठमान्डुले विराटनगरलाई १४२ रनले पराजित गर्नुपर्नेछ यदी पहिले ब्याटिङ गर्दै २०० रन बनाएमा ।

यदी काठमान्डुले पहिले ब्याटिङ गर्दै १७० रन बनाएर ७० रन अन्तरको जित हात पारेमा कर्णाली याक्सलाई नेटरनरेटमा पछि पार्नेछ । काठमान्डुको शीर्ष चारमा रहेर प्लेअफ पुग्नका लागि सबैभन्दा रियालिस्टक चान्स भनेको विराटनगरलाई ठूलो अन्तरमा हराउने र कर्णाली पनि अन्तिम खेलमा सुदूरपश्चिमसँग त्यही अन्तरमा हार्नुपर्नेछ । जसले गर्दा कर्णालीको नेटरनरेट घटोस् ।

(स्रोत: अनलाइनखबर)

# 'मेरो भ्वाइस युनिर्भस' र 'मेरो डान्स युनिर्भस' दोस्रो श्रृंखलाको घोषणा



काठमाडौं/सर्वाधिक धनराशिको पुरस्कार राखिएको टिभी गायन प्रतियोगिता 'मेरो भ्वाइस युनिर्भस' र नृत्यतर्फको 'मेरो डान्स युनिर्भस' को दोस्रो श्रृंखलाको कार्यक्रम प्रस्तोता र निर्णायक मण्डल घोषणा गरिएको छ ।

शनिबार आयोजित पत्रकार सम्मेलनमा आयोजक संस्था इन्ट्रा नेपाल वेलफेयर एन्ड सपोर्ट फाउन्डेसन अफ अमेरिकाका अध्यक्ष डिल्ली अधिकारीले विश्वभर छरिएर रहेका नेपाली जातिबीचको आपसी सद्भावलाई कायमै राख्न र नेपाली भाषा र संस्कृतिलाई उनीहरू माझ जीवन्त राखिराख्न सघाउने उद्देश्यले यो गायन र नृत्य प्रतियोगिताको आयोजना गरिएको बताए ।

उनले भने, 'हामीले यो कार्यक्रममार्फत नेपाली कला, संस्कृति र भाषालाई प्रवर्धन गर्न खोजेका हौं । हामीले सोही कारण नेपाली संस्कृति र कला झल्किने प्रस्तुतीलाई अनिवार्य गरेका छौं । यसपटक अघिल्लो श्रृंखलाको तुलनामा यो झनै भव्य हुनेछ ।'

उनले दुबै प्रतियोगिताका विजेताले जनही एक करोड, उपविजेताले २० लाख र दोस्रोले १० लाख रुपैयाँसँगै अरु विभिन्न पुरस्कार प्राप्त गर्ने बताए । समारोहमा 'मेरो भ्वाइस युनिर्भस'मा गायक दीप श्रेष्ठ, सङ्गीतकार सुरेश अधिकारी, गायिका अन्जु पन्त, तृष्णा गुरुङ, गायक पुष्पण प्रधानले निर्णायकको भूमिका निर्वाह गर्ने जानकारी गराइयो ।

'मेरो डान्स युनिर्भस'मा निर्णायकको रुपमा अभिनेत्री मिथिला शर्मा, अभिनेता दीलिप रायमाझी, नृत्य निर्देशक शङकर विसी, किरण थापा र अभिनेत्री शिल्पा मास्के छन् । कार्यक्रम सञ्चालकको रुपमा सञ्चारकर्मी नरेश भट्टराई, अभिनेत्री रीमा विश्वकर्मा, कमेडियन राजा राजेन्द्र पोखरेल, पूर्वमिस नेपाल नम्रता श्रेष्ठ छिन् ।

'मेरो भ्वाइस युनिर्भस'लाई सुरेश पौडेल र 'मेरो डान्स युनिर्भस'लाई मौसमी गुरुङले निर्देशन गर्ने जानकारी गराइयो । नेपाल टेलिभिजनमार्फत प्रशारण हुने दुबै प्रतियोगिताको अडिसन सन् २०२५ को जनवरी २५ बाट सुरू हुनेछ । अमेरिका र क्यानडाको लागि जनवरी २५ र २६ मा अमेरिकास्थित कोलम्बस ओहायो, फेब्रुअरी १५ र १६ बेलायतको लन्डन, पोर्चुगलको लिस्बन, हङकङ र जापानको टोकियोमा अडिसन हुनेछ ।

फेब्रुअरी २२ र २३ मा युएईको दुबई, कतारको दोहा, थाइल्याण्डको बैकक, अस्ट्रेलियाको सिड्नी, नेपालको कास्कीस्थित पोखरामा अडिसन हुँदैछ । मार्च १ र २ मा भारतको मुम्बई नेपालगञ्ज, मार्च ८ र ९ मा भारतको सिलिगुढी, मार्च १५ र १६ मा झापाको दमक र मार्च २९ र ३० मा काठमाडौंमा अडिसन हुँदैछ । निर्णायक मध्येकी एक अभिनेत्री मिथिला शर्माले यस प्रतियोगिताले प्रतिभालाई मञ्च दिने काम गरेको बताईन् ।

उनले भनिन्, 'यो नेपाली गीत र नृत्यमा आफ्नो भविष्य देख्नेका लागि ठूलो अवसर हो । यसले कला र संस्कृतिको प्रवर्धनसँगै विश्वभर छरिएका प्रतिभाको सपना सकार बनाउने काम गर्दैछ । म यो परिवारमा निर्णायक भएर जोडिन पाउँदा निकै उत्साहित छु ।'

# वसन्तको निर्देशनमा 'दशमी' बन्ने, फूलपातीलाई रिलिज घोषणा

काठमाडौं/यसपालिको फूलपातीमा रिलिज भएको 'ज्वाइँ साब'का निर्देशक वसन्त निरौलाले अब 'दशमी' शीर्षकमा नयाँ फिल्म बनाउने भएका छन् । शनिबार भक्तपुरस्थित सूर्यविनायक गणेश मन्दिरमा स्क्रिप्ट पूजा गर्दै फिल्मको निर्माण घोषणा गरिएको हो । आगामी दशैंको फूलपातीलाई प्रदर्शन मिति पनि तय गरिएको छ । योसँगै दशैंमा रिलिज हुने फिल्मको संख्या आधा दर्जन नाघेको छ ।



रेड आई फिल्म्स तथा रोमन फिल्म्सको संयुक्त ब्यानरमा निर्माण हुन लागेको 'दशमी'मा राजकुमार पण्डित प्रस्तुतकर्ताको रुपमा छन् । उनले यसअघि 'ज्वाइँ साब'को पनि निर्माण गरेका थिए । राजाराम बुढाथोकी, समीर पण्डित, सौगात पण्डित, पदम तामाङ र भीमप्रसाद आचार्य निर्माता रहेको फिल्ममा दीलिप रानाभाटको लेखन छ ।

पोस्टर डिजाइनरको रुपमा सक्रिय टौवा क्रिएसनका विजय बस्याल कार्यकारी निर्माता रहेको फिल्मको प्रोडक्शन म्यानेजरमा दीलिप पन्त छन् । 'दशमी'को कथावस्तु र कलाकारको बारेमा भने जानकारी गराइएको छैन । शीर्षकले फिल्मको कथा दशैंको परिवेशमा केन्द्रित रहने संकेत गर्छ । फिल्मको छायांकन आगामी फागुन दोस्रो हप्तादेखि सुरु गरिने जनाइएको छ ।

# 'सोल्टिनी'मा जोडिए विल्सन

काठमाडौं/अन्तरजातीय प्रेमकथामा आधारित भएर बन्न लागेको फिल्म 'सोल्टिनी'मा कलाकारको लाइनअप बलियो बनिरहेको छ । मुख्य अभिनेतामा प्रकाश सपूत र अभिनेत्रीमा परीक्षा लिम्बूपछि अब 'तक्मे बुढा'को रुपमा परिचित विल्सन विक्रम राई पनि फिल्ममा अनुबन्धित भएका छन् । उनको भूमिकाबारे भने कुनै जानकारी गराइएको छैन ।

अर्जुन सुवेदीको निर्देशनमा बन्न लागेको फिल्ममा प्रकाशले 'भीमसेन पोखरेल' र परीक्षाले 'दिलासा राई'को भूमिका निभाउने छन् । उनीहरुको प्रेम सम्बन्धमा आउने आरोह-अवरोधको कथामा फिल्म केन्द्रित हुनेछ । केही दिनअघि फर्स्ट्लुक पोस्टर र घोषणा टिममार्फत् फिल्मको कथासारबारे जानकारी गराइएको थियो । आगामी पुष १५ गतेबाट फिल्मको छायांकन सुरु गरिँदैछ ।

प्रेम सुब्बा, कविता आले, सुन्दर धिताल, सब्बु गुरुङ लगायतको पनि अभिनय रहने फिल्ममा प्रशान्त सिवाकोटी र हर्कुलस बस्नेतको संगीत तथा सुशन प्रजापतिको छायांकन रहनेछ । आगामी वर्ष २०८२ को असोज ३ गते अर्थात् संविधान दिवसको दिनलाई फिल्मको प्रदर्शन मिति घोषणा भइसकेको छ ।

निर्देशक सुवेदीका अनुसार फिल्मले समाजमा विद्यमान जातीय भेदभावलाई उजागर गर्दै यसविरुद्ध आवाज उठाउने र दुई पात्रको अपुरो प्रेमकथा भन्नेछ । फिल्मका निर्माताहरुमा रेजिना बिस्ट र संसार चौलागाईं तथा सह-निर्माताहरुमा वसन्त कटुवाल र सुजन अधिकारी रहेका छन् । कोशी प्रदेशरुमा अवस्थित पहाडी जिल्ला भोजपुरको गाउँमा आधारित भएर 'सोल्टिनी' बन्ने जनाइएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# हेटौंडामा सिएफ मोटो तथा जिहो टु हि्वलर्सको शोरुम




साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ सिएफ मोटो तथा जिहो टु हि्वलर्सका लागि नेपालको एकमात्र आधिकारिक वितरक ऋषि ट्रेड सेन्टरले बागमती प्रदेशको राजधानी हेटौंडामा डिलर बिस्तार गरेको छ ।

कम्पनीले हेटौंडामा पाँचौं डिलर विस्तार गरेको हो । डिलरको शनिबार एक कार्यक्रमबीच उद्घाटन गरिएको छ । यती मोटर्स हेटौंडा अब सिएफ मोटो तथा जिहोका लागि आधिकारिक डिलर नियुक्त भएको हो । बिक्री तथा बिक्री पछिको सेवालाई प्राथमिकतामा राख्दै शोरुम उद्घाटन गरिएको कम्पनीले जनाएको छ । उद्घाटनमा बोल्दै मोटर्सका सञ्चालक इश्वर श्रेष्ठले सिएफ मोटो र जिहो दुवै ब्राण्ड हेटौंडा तथा आसपासको क्षेत्रमा लोकप्रिय हुने विश्वास व्यक्त गरेका छन् ।

राम्रो ब्राण्ड भएकाले आफूले डिलर लिएको बताउँदै उनले ग्राहकलाई स्तरीय सेवाप्रदान गर्ने प्रतिबद्धता व्यक्त गरे । 'बिक्रीपछिको सेवालाई प्रमुख प्राथमिकतामा राख्दै सेवाप्रदान गर्नेछौं,' उनले भने । शोरुममा सिएफ मोटोको एनके २५० तथा जिहो ब्राण्डको एई ६ प्लस, एई ६ प्लस एलआर, एई ४ तथा एई ४ एलआर बिक्रीमा राखिएको छ । शोरुममा आएर ग्राहकले यी ब्राण्डको बाइक तथा स्कुटर टेष्ट ड्राइभ गर्न सक्ने सञ्चालक श्रेष्ठले जानकारी दिए ।

शोरुम उद्घाटनको अवसरमा सिएम मोटो र जिहोका बाइक तथा स्कुटरको च्यालीसमेत आयोजना गरिएको थियो । शोरुम उद्घाटनको अवसरमा बाइक तथा स्कुटर खरिदमा विशेष छुट उपलब्ध गराइएको थियो । सिएफ मोटोको २५० सीसी क्षमताको एनके २५० युवापुस्तामाझ लोकप्रिय छ । यसको अधिकतम इन्जिन क्षमता २०.५ किलोवाट छ । टर्क २२ एनएम, डुवल च्यानल एबिएस, १२.५ लिटरको फ्युल ट्यांक क्षमता, इलेक्ट्रिक फ्युल इन्जेक्सन तथा एलइडी डिस्प्ले लगायतका विशेषता यो बाइकमा उपलब्ध रहेको जनाइएको छ ।

त्यस्तै जिहोको हालै बजारमा आएको एई ४ मोडलको ३ किलोवाट हव मोटर, २ किलोवाट आवरको लिथियम ब्याट्री, इलेक्ट्रिक ट्रान्जिक्सन कन्ट्रोल, एनएफसी कार्ड तथा जिहो एप्सबाट सञ्चालन गर्न सकिने र ३१ लिटर बराबरको बुथ स्पेस लगायतका विशेषता पाउन सकिन्छ । हेटौंडास्थित स्थानीय व्यवसायी, बैंकर्श, रिकण्डिशन व्यवसायी तथा सञ्चारकर्मीको उपस्थितिमा कार्यक्रम भएको थियो ।

# रानी सामुदायिक वनको साधारणसभा सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ हेटौंडा-६ चौघडामा रहेको रानी सामुदायिक वन उपभोक्ता समूहको २८ औं वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ । बागमती प्रदेशसभा सदस्य भारती पाठकको प्रमुखआतिथ्यता एवम् समूहका अध्यक्ष विष्णुप्रसाद न्यौपानेको सभाध्यक्षतामा साधारणसभा भएको हो ।

साधारणसभामा समूहका अध्यक्ष न्यौपानेले संस्थागत प्रतिवेदन, सचिव नानीमाया रुम्बाले प्रगति प्रतिवेदन, लेखा संयोजक श्यामकुमार श्रेष्ठले लेखा समितिको प्रतिवेदन, कोषाध्यक्ष गोमा लामिछानेले चालू आव ०८१/८२ को लागि ७६ लाखको अनुमानित आयव्यय विवरण र कार्यालयसचिव भीमसेन पौडेलले आव ०८०/८१ को लेखापरीक्षण प्रतिवेदन पेश गरेका थिए ।

साधारणसभामा विभिन्न ब्यक्तिलाई पुरस्कृत गरिएको थियो । भेलामा सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुर, डिभिजन वन कार्यालय मकवानपुरका वनअधिकृत दीपक अधिकारी, समूहका निवर्तमान अध्यक्ष कृष्ण बिडारी, ज्येष्ठ उपभोक्ता हीरामाया गौतम, तिलकबहादुर खड्कालाई पुरस्कृत गरिएको थियो ।

सञ्चारकर्मी भावना रिजाल, २०८० सालको एसईई परीक्षामा उत्कृष्ट अंक हासिल गर्ने प्रज्वल अधिकारी, बन्दना चौलागाई, कार्यसमिति सदस्य सूर्यप्रसाद दुलाल, अनिता बुढाथोकी, सालक संरक्षणमा महत्वपूर्ण योगदान गर्ने रामकृष्ण राई, अमर राई र सेवानिकृत कर्मचारी यदुकुमार घिमिरे लगायतलाई पुरस्कृत गरिएको थियो ।

साधारण सभामा हेटौंडा-६ का वडाअध्यक्ष विष्णबहादुर दाहाल, मकवानपुरगढी-३ का वडाअध्यक्ष भागवत घिमिरे, ४ का वडाअध्यक्ष अर्जुनप्रसाद तिमल्सिना, हेटौंडा-६ का वडासदस्य विजय पौडेल, सामुदायिक वन उपभोक्ता महासंघ केन्द्रीय सदस्य रामहरि चौलागाई, मकवानपुर अध्यक्ष साधुराम चौलागाई, बागमती प्रदेश दुग्ध विकास बोर्डका सञ्चालक सदस्य बासुदेव अधिकारी, डिभिजन वन कार्यालय मकवानपुरका वनअधिकृत दीपक अधिकारी, हेटौंडा सव डिभिजन वनअधिकृत सविना रिजाल, चुच्चेखोला सामुदायिक वनका अध्यक्ष लक्ष्मण कटुवाल, जनकल्याण सहकारीका अध्यक्ष हिमाल पौडेल, कामधेनु सहकारीका अध्यक्ष उदय बिडारी, मनकामना दुग्ध सहकारी अध्यक्ष अर्जुनप्रसाद दाहाल, श्रमिक सानाकिसान कृषि सहकारी अध्यक्ष निर्मला लम्साल, समूहका उपाध्यक्ष केशव धिताल लगायतको उपस्थिति थियो ।

१ सय ३४ हेक्टर क्षेत्रफलमा फैलिएको यो सामुदायिक वनमा ९ सय घरधुरी आवद्ध रहेका छन् । भेलाले विभिन्न ११ वटा प्रस्ताव सर्वसम्मत पारित गर्नुका साथै नयाँकार्यसमिति चयन गर्नका लागि अर्जुनप्रसाद चौलागाईको संयोजकत्वमा ३ सदस्यीय निर्वाचन समिति गठन गरेको कार्यालय सचिव भीमसेन पौडेलले बताए ।

# खोलामा माछा मार्न विष हालियो, स्थानीयको विरोध



साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ मकवानपुरगढीको सामरी खोलामा माछा मार्न विष प्रयोग गरिएको छ । विषको प्रयोगले माछासँगै जलजन्य जीवहरु नष्ट भएका छन् ।

नेपालको प्रचलित कानुनले नदीमा विष प्रयोग गर्न प्रतिबन्ध लगाएको भएपनि स्थानीय प्रशासनसँगको मिलेमतोमा माछा मार्न स्थानीयबासीले विष प्रयोग गरेका हुन् । जिल्लाकै प्रमुख नदीमध्येको एक सामरी खोलामा ठूलो मात्रामा विष प्रयोग हुँदा माछा, भ्यागुता तथा अन्य जलचर नष्ट भएका छन् । गएराति करिब ३० जनाको संख्यामा आएको समूहले राति नै बिष हालेर रातभर माछा मारेको र विहानीपख करिब ३० बोरा माछा लिएर गएको स्थानीयले बताएका छन् ।

विष प्रयोग गर्ने समूहको पहिचान हुन सकेको छैन । खोला नजिकै धादिङबजारमा प्रहरीचौकी छ । तर, खोलामा पटकपटक विषादिको प्रयोग हुँदा समेत प्रहरी बेखबर जस्तै देखिएको छ । माछा खान पाउने भएपछि प्रहरीकै मिलेमतोमा खोलामा विषको प्रयोग भएको स्थानीयको गुनासो छ । नदीमा कुन विष हालिएको हो भन्ने सम्बन्धी तथ्यहरु खुल्न सकेको छैन । माछा तस्करले मानवस्वास्थ्यका लागि हानिकारक विषको प्रयोग गरेर ठूलो परिमाणमा माछा मारेर लगेकोले स्थानीयले बताएका छन् । बिषादि हालेर माएिको माछा हेटौंडा तथा काठमाडौंमा बिक्रीका लागि लैजान सक्ने भएकोले तत्कालै प्रशासनले आवश्यक छानवीन गरी कारबाहीको प्रक्रिया अगाडि बढाउनुपर्ने स्थानीयको माग छ ।

यसअघि पनि नदीमा करेन्ट लगाएर माछा मारिएको विषयमा स्थानीय प्रहरीलाई फोन गरेर जानकारी गराउँदा प्रहरीले त्यसलाई बेवास्था गर्दै आएको स्थानीयबासीको गुनासो छ । सामरी खोलाको माछा मार्न जैविक विविधता नै नष्ट हुने गरी विषको प्रयोग गर्दा समेत स्थानीय प्रशासन मौन देखिएको हो । आधारातमा विष हालेर ३० जनाभन्दा बढीको समूह खोलामा पसेर माछा मार्दा समेत प्रशासनले बेवास्था गरेको भन्दै स्थानीयले आक्रोश पोखेका छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरले घटनाबारे ध्यानाकर्षण भएको जनाएको छ ।

# नेपाल नर्सिङ संघमा चन्द्रकला शर्माको प्यानल विजयी



काठमाडौं, २९ मंसिर/ नेपाल नर्सिङ संघको २०औं केन्द्रीय कार्यसमितिका लागि निर्वाचनबाट प्राध्यापक चन्द्रकला शर्मा नेतृत्वको समूहको प्यानल नै विजयी भएको छ । केहीबेर अघि सम्पन्न मतगणनामा शर्मा नेतृत्वको समूहले गंगा थापा नेतृत्वको अर्को समूहलाई पराजित गरेको हो ।

अध्यक्ष पदमा शर्माले २१५० मत प्राप्त गर्दा निकटतम प्रतिस्पर्धी बनेकी थापाले १ हजार ३७० मत मात्रै प्राप्त गरिन् । यस्तै अध्यक्ष पदको अर्को उम्मेद्वार वसन्ती थापाले २८२ मत मात्रै प्राप्त गरिन् ।

यसैगरी संघको वरिष्ठ उपाध्यक्षमा रमेश सुब्बा विजयी भएका छन् । सुब्बाले २ हजार ६० मत पाउँदा उनका निकटतम प्रतिद्वन्दी कल्पना श्ररेष्ठ जोशीले १ हजार ५९७ मत पाइन् । यसैगरी उपाध्यक्षमा बबिता घिमिरे २ हजार ११ मतसहित निर्वाचित हुँदा उनका प्रतिस्पर्धी मनिसा कोइरालाले भने १ हजार ५७० मत पाइन् ।

यस्तै संघको महासचिवमा डा. देवका कुमारी आचार्य १हजार ७३३ मतसचित व निर्वाचित भएकी छिन् । उनका प्रतिस्पर्धीहरू मिना कुमारी कार्कीले १ हजार ३४७ मत र जानकी धामीले ६२२ मत पाइन् ।

सचिवमा भने वेली पौडेलले बाजी मारेकी छिन् । बेनीले २ हजार ९० मत पाउँदा उनका निकटतम प्रतिद्वन्दी जया मिश्रले १ हजार ५७३ मत मात्र ल्याइन् । यसैगरी संघको कोषाध्यक्षमा तुलसादेवी अधिकरीले २ हजार १८८ मतसहित निर्वाचित भएकी छिन् । उनका प्रतिस्पर्धी रमादेवी पहारी (ज्ञवाली)ले १ हजार ४८२ मत मात्र पाइन् ।

यस्तै खुल्ला केन्द्रीय सदस्रुयमा शर्मा प्यानलकै मेनुका पोखेल २ हजार ८८ मतसहित विजयी भएकी छिन् भने उनका प्रतिस्पर्धी सानु कमुारी विष्ट १ हजार ५८१ मत मात्र ल्याइन् । आदिवासी जनाजतितर्फ भने संघमा कला बस्याल र गुरूङ र हरिसप्रसाद कोजु विजयी भएका छन् । कलाले २ हजार १० मत र कोजुले २ हजार ८२ मतसहित विजयी भएका हुन् । उनीहरूका प्रतिस्पर्धीहरू रुपा देवी थापाले १ हजार ६७३ मत र रती पाक्वाङले १ हजार ५८७ मत मात्र पाइन् ।

दलित सदस्यमा कोपिला विश्वकर्मले २ हजार १२२ मतसहित निशा विकलाई हराइन् । निशाले भने १ हजार ५४३ मत ल्याइन् । यस्तै मधेशी र मुस्लिम सदस्यतर्फ पासपति जयसवालले २ हजार २६ मत र सवेनाज वेगमले २ हजार ३५ मत ल्याएर निर्वाचित भएका छन् । उनीहरूका प्रतिद्वन्दी अन्जु ठाकुरले १ हजार ६२६ मत र जाफ्रे आलम अन्सारीले १ हजार ५९८ मत मात्रै पाए ।

यसैगरी संघको अनमीतर्फ जानु मोक्तानले २ हजार ७० मत र शान्ति कुमारी विश्वकर्माले २ हजार ६२ मत ल्याएर निर्वाचित भएका छन् । उनीहरूका प्रतिस्पर्धी सफला बुढाथोकीले १ हजार ६२० मत र सीता कुमारी प्याकुरेलले १ हजार ५१८ मत मात्र ल्याइन् ।

यता, नेपाल नर्सिङ परिषद् सदस्यमा भने ३ जना विजयी भएका छन् । जसमा राजदेवी अधिकारी घिमिरेले १ हजार ८७० मत, सुमिता पाठकले १ हजार ९९७ मत र राधा देवी आर्चार्यले १ हजार ७०५ मतसहित जिवाचित भएका हुन् । उनीहरूका प्रतिद्वन्द्वी ज्ञानु महर्जनले १ हजार ५४७ मत, मित्रा कमारी देवकोटाले १ हजार ४१७ मत र सरला केसीले १ हजार ५५९ मत मात्र ल्याइन् ।

# हेटौंडामा 'दर्ज्यु संलाप' वार्ता



साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ निबन्धकार कुमारी लामाले आफू हुर्केको परिवेशलाई साहित्यमा समेट्दा अझ प्रभावकारी बन्ने बताएकी छिन् । शनिबार हेटौंडामा आफ्नो पछिल्लो निबन्ध संग्रह 'दर्ज्यु संलाप' माथिको विमर्श कार्यक्रममा बोल्दै निबन्धकार लामाले आफ्नै पृष्ठभूमिका भुइँमान्छेका विद्रोहलाई निबन्धात्मक रुपमा ल्याउँदा निबन्धको दायरा अझै फराकिलो बन्न पुगेको बताइन् ।

समीक्षक निमेष निखिलको सुशासन कायम गर्ने बेग्लै निकाय हुँदाहुँदै लेखकले प्रश्न मात्रै उठाउने हो वा समाधान पनि गर्ने हो ? भन्ने सवालको जवाफ दिँदै लामाले प्रश्न उठाउनु आवश्यक रहेको बताइन् । संविधानले छोरीलाई अंश र वंशको अधिकार दिँदैमा व्यवहारमा परिवर्तन नहुने निबन्धकारको तर्क थियो । निबन्धलाई शृंखलात्मक रुपमा प्रस्तुत गरिएको 'दर्ज्यु संलाप' मा उल्लेखित पात्र कान्छी तामाङको जीवन आफ्नो लागि प्रेरणादायी रहेको उल्लेख गर्दै लामाले उनको संर्षका कथालाई नै हालको किताबमा तेस्रोपटक समेट्दै देहान्तका कारणले टुंग्याएको बताइन् ।

विगतमा न्युन पारिश्रमिक दिएर तामाङ समुदायको शोषण भएको, ज्यानै मास्न सकिने कानूनी व्यवस्थाले राजनीति, शिक्षा, अर्थमा विगतदेखि नै दमनका शृंखला रहेकोले पात्रहरुमा तामाङहरुकै बाहुल्यता रहेको लेखक लामाले बताइन् ।

कार्यक्रममा यश लामा, सुबास सजल, वनस्तम थिङलगायतले पाठकीय टिप्पणी राखेका थिए । किताबघर हेटौंडा र 'आह्वान' को संयुक्त आयोजनामा भएको कार्यक्रममा आख्यानकार उमा सुवेदीले 'आह्वान' का गतिविधिबारे जानकारी गराएकी थिइन् ।

# एमाले कमजोर बनाउन विदेशी शक्तिहरु लागेः बर्तौला



साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ नेकपा एमालेका सांसद तथा प्रमुख सचेतक महेश बर्तौलाले यो देशमा एमालेलाई कमजोर बनाउन विदेशी शक्तिहरु घुँडाटेकेर लागेको आरोप लगाएका छन् ।

उनले त्यस्ता विदेशी शक्तिविरुद्ध सशक्त ढंगबाट आफूहरुले प्रतिवाद गर्न आवश्यक रहेको बताएका छन् । हेटौंडामा शनिवार भएको नेपाल कम्युनिस्ट पार्टी एमालेको दोस्रो नगर अधिवेशनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले एमालेले नाजायज वैदेशिक हस्तक्षेप स्वीकार नगर्ने बताए ।

नेकपा एमालेसँग जोडिएका कुनैपनि नेता कार्यकर्ताले गल्ती गरेको अवस्थामा तत्कालै कार बाही गरिने गरिएको भन्दै चेतावनीपूर्ण अभिव्यक्ति दिए । उनले नयाँ आएको पार्टी रास्वपाले यति धेरै आरोपका बावजुद हिरासतबाटै पार्टी चलाइरहेको आरोप लगाए । बर्तौलाले सरकार अभावका बीचमा पनि जनताले महसुश गर्नेगरी सेवाप्रवाहमा लागि परेको बताए । पार्टीलाई जनताको माझमा स्थापित गराउने गरी काम गर्न शुभकामना व्यक्त गरे । 'नेकपा एमाले हेटौंडा उपमहानगरपालिकामा हारेको हो, सकिएको होइन । हेटौंडाको जनताको मनमनमा जागरण ल्याउने गरी सन्देश दोस्रो अधिवेशनले दिनुपर्नेछ' यस्तै, उनले आजको आवश्यकताले एमालेको आपसी समझदारी मागेको बताए ।

बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले कार्यकर्तालाई आत्मसमीक्षा गरेर अगाडि बढ्नुपर्ने बताए । नेपाल कम्युनिष्ट पार्टी एमालेको हेटौंडा उपमहानगरपालिका कमिटी दोस्रो पालिका अधिवेशन उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले पार्टीलाई बलियो बनाउन लाग्नुपर्ने बताए । गत निर्वाचनमा एउटा पालिकामा जम्मा दुईजनाले जित्नु र उपमहानगरमा पनि आफूहरुले हार व्यहोर्नु राम्रो संकेत नभएको भन्दै कार्यकर्ताले आत्मसमीक्षा गरेर मात्र नेतृत्वमा आउनुपर्ने बताए । नेतृत्वमा को जान्छ ? को जाँदैन ? भन्ने भन्दा पनि गल्ती र कमी कमजोरीलाई कसरी सच्याएर र सच्चिएर अघि बढ्ने भन्ने कुरामा जोड दिनुपर्ने उनले धारणा राखेका छन् ।

# जनतासँग जोडिने नेता पढाउँदै एमाले

काठमाडौं, २९ मंसिर/ नेकपा एमालेले जनतासँग प्रत्यक्ष जोडिने काममा पार्टीलाई केन्द्रित गर्न नेताहरुलाई प्रशिक्षण दिँदैछ । केन्द्रीय संगठन विभागको आयोजनामा जिल्ला पार्टी नेतृत्वमा रहेका तीन सय बढी नेताहरु मुख्यालय च्यासल बोलाएर प्रशिक्षण दिँदै गरेको हो । 'पार्टीलाई बलियो बनाउन जरातिर फर्कनुपर्छ । जनतासँग जोडिएर सक्रिय हुने नेताहरुको क्षमता अभिवृद्धि गर्नुपर्छ' संगठन विभाग प्रमुख काशीनाथ अधिकारीले भने, 'भुईं तहमा रहेर संगठन बनाउने नेताहरुलाई हरेक हिसाबले सशक्त बनाउन प्रशिक्षण थालेका हौ ।'

प्रशिक्षणपछि चार वटा उद्देश्य राखेर अगाडि बढ्ने अधिकारी बताउँछन् । उनका अनुसार स्थानीय पार्टी कामको समस्या पहिचान, पहिचान भएका समस्या समाधानको योजना निर्माण र स्थानीय नेताहरुमा रहेको भ्रमको निदान गर्ने काम यो प्रशिक्षणमा हुनेछ । 'पार्टीको बारेमा स्थानीय नेताहरुमा भ्रम हुन सक्छन् । अस्पष्टता र जिज्ञासाहरु हुन सक्छन्' संगठन विभाग प्रमुख अधिकारीले भने, 'पार्टीको बारेमा रहेका सबै अस्पष्टताहरु हल गर्ने काम सुरु गरेका छौं ।' देशभरका नेताहरु बोलाएर प्रशिक्षण कक्षा सञ्चालन गर्नुको मूल उद्देश्य भने मिसन-०८४ नै हो । एमालेले ०८४ सालको चुनावबाट निर्णायक मुख्य राष्ट्रिय शक्ति बन्ने उद्देश्य लिएको छ ।

त्यसका निम्ति कुल मतदाताको ६ प्रतिशत अर्थात् १० लाख पार्टी सदस्य बनाउने घोषित नीति छ । १० लाख पार्टी सदस्य बनाउन संगठन विभागसँग ठोस् कार्यक्रम बन्नुपर्ने भएकाले काठमाडौंमा प्रशिक्षण सुरु गरेको अधिकारी बताउँछन् । यो प्रशिक्षणमा एमालेले सबै जिल्लाका अध्यक्ष, सचिव र संगठन विभाग प्रमुखलाई बोलाएको छ । प्रदेश कमिटीबाट पनि अध्यक्ष, सचिव, संगठन विभाग प्रमुख र अरु दुई जना महिला नेता आएका छन् ।

*(स्रोत: अनलाइनखबर)*

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरूः

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

विज्ञापन आचार संहिताको पालना गरौं

- विज्ञापन बोर्डमा सूचीकृत सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापन कारोबार गरौं,
- विज्ञापनको कारोवार गर्दा दुईपक्षीय वा त्रिपक्षीय सम्झौता गर्ने गरौं,
- विज्ञापन कारोवारमा सञ्चारमाध्यमको बील हेरेरमात्र भुक्तानी दिने गरौं,
- विज्ञापन दिन विज्ञापनदातालाई दवाव तथा प्रभाव नपारौं,
- विज्ञापन गरौं र आफ्नो व्यवसायको प्रवर्द्धन गरौं,
- विज्ञापन व्यवसायलाई स्वच्छ र पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना